वर्ष : १७, अंक : ४९, काठमाडौं, २०७८ चैत ११ गते शुक्रबार, 25 March 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## प्रधानमन्त्री १८ गते भारत जाँदै



काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवा चैत १८ गते तीनदिने भारत भ्रमणमा जाने भएका छन् । प्रधानमन्त्री देउवा चैत्र १८ देखि २० गतेसम्म भारत भ्रमण गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । भारतीय समकक्षी नरेन्द्र मोदीको निमन्त्रणामा प्रधानमन्त्री देउवा त्यसतर्फ जान लागेका हुन् । प्रधानमन्त्रीको भारत भ्रमणबारे परराष्ट्र मन्त्रालयले तयारी गरिरहेको छ । चिनियाँ विदेशमन्त्री वाङ यीको नेपाल भ्रमण सकिएलगत्तै प्रधानमन्त्री देउवा भारत जान लागेका हुन् । वाङ तीनदिने भ्रमणका लागि शुक्रबार नेपाल आउँदै छन् । यसअघि, 'गुजरात समिट'मा जाने तयारी गरे पनि कोरोना महामारीका कारण समिट नै रद्द भएपछि देउवाको भ्रमण रोकिएको थियो । भ्रमणका क्रममा प्रधानमन्त्री देउवा र भारतीय प्रधानमन्त्री मोदीले संयुक्तरुपमा जनकपुर-जयनगर रेल सेवा शुभारम्भ गर्ने तयारी छ ।

## भुक्तानी प्रणाली स्वीकार

काठमाडौँ । नेपालले डिजिटल कारोबारका लागि भारतले विकास गरेको एकीकृत भुक्तानी प्रणाली (यूपीआई) स्वीकार गरेको छ । अघिल्लो वर्ष यसमा भुटान पनि जोडिएको थियो । भुटानले पनि भिम यूपीआईमा आधारित डिजिटल कारोबार सुरु गरेको थियो । 'धेरै देशहरुले कोविन एपको प्रशंसा गरेका छन् जुन पहिलो कोभिड लहरका बेला खोपका लागि बनाइएको थियो र नेपालले अहिले भारतको यूपीआई डिजिटल कारोबारका लागि ग्रहण गरेको छ । यसले तत्काल व्यक्ति-व्यक्ति (पीरपी) कारोबार हुने र व्यक्ति र मर्चेन्ट (पीरएम) कारोबारलाई प्रवर्द्धन गर्नेछ', भारतीय प्रेस इन्फरमेसन ब्युरोले आर्टिकलमा भनेको छ । यूपीआई भारतमा सन् २०१६ मा सुरु गरिएको थियो । आधिकारिक तथ्यांकअनुसार भारत इन्टरफेस फर मनि युनिफाइड पेमेन्ट्स इन्टरफेस (भिम यूपीआई) भारतमा लोकप्रिय बन्दै आएको छ ।

# चुनावको मुखमा सत्ता ताक्दै लोसपा

## सकभर एक्लै लड्ने वा एमालेसँग तालमेलको रणनीति

काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारमा सहभागी हुन गरेको आग्रहलाई लोकतान्त्रिक समाजवादी पार्टीले सकारात्मक रूपमा लिएको छ । प्रधानमन्त्री देउवाले लोसपा अध्यक्ष महन्थ ठाकुरसँग पछिल्लो समय गरेको पटकपटकको छलफलमा लोसपाले सरकारमा सहभागी हुन सकारात्मक सङ्केत दिएको हो ।



पछिल्लो साता प्रधानमन्त्री देउवा र लोसपाका अध्यक्ष महन्थ ठाकुरबीच ३ पटक छलफल भएको छ । देउवा र ठाकुरबीच २ पटक प्रत्यक्ष तथा एक पटक टेलिफोनमा संवाद भएको छ । यस्तै देउवा र लोसपाका ५ शीर्ष नेता ठाकुर तथा राजेन्द्र महतो, शरदिसंह भण्डारी, अनिल झा र सर्वेन्द्रनाथ शुक्लबीच पनि संवाद भएको हो । ती सबै संवादहरूमा प्रधानमन्त्री देउवाले सरकारमा आउन लोसपाका नेताहरूलाई आग्रह गरेका थिए । प्रधानमन्त्रीको आग्रहमा लोसपाले आन्तरिक छलफल गरेर जबाफ दिने प्रतिक्रिया दिएको छ । यद्यपि, अध्यक्ष ठाकुरले लोसपाले उठाउँदै आएको माग सम्बोधनलाई सरकारमा सहभागी हुनका लागि पूर्वशर्त तेर्स्याएका थिए । प्रधानमन्त्रीले लोसपाका माग सम्बोधन गर्ने आश्वासन दिँदै सरकारमा आइदिन विशेष आग्रह गरेका थिए । प्रधानमन्त्री पनि लोसपालाई स्थानीय निर्वाचनअघि नै सरकारमा ल्याउने विषयमा सकारात्मक भएको लोसपा नेताहरूको भनाइ छ ।

लोसपालाई सरकारमा ल्याउन सके आगामी स्थानीय तहको निर्वाचनमा एमाले र लोसपाबीच सहकार्य नहुने, निर्वाचनमा एमाले एक्लिने र यसको फाइदा कांग्रेसलाई पुग्ने प्रधानमन्त्रीको बुझाइ छ । देउवा र लोसपाका नेताहरूबीच भएको संयुक्त भेटमा सरकारमा जाने विषयमा पनि कुराकानी भएको लोसपा नेता अनिलकुमार झाले जानकारी दिए । 'यद्यपि, प्रधानमन्त्रीसँगको भेट सरकारमा जाने भन्दा पनि लोसपाले उठाएका माग र मुद्दा सम्बोधन गराउने विषयमा केन्द्रित थियो', झाले भने । तर, सरकारले माग सम्बोधन गरे सरकारमा जान सक्ने लोसपा सकारात्मक रहेको झाले बताए । लोसपा नेता तथा सांसद उमाशंकर अरगरैयाले पनि पार्टीले राखेका माग सम्बोधन गराउने विषयमा प्रधानमन्त्रीसँग भेटघाट भएको जनाउँदै सरकारले माग पूरा गरे सरकारमा जान सकिने बताए । देउवा प्रधानमन्त्री हुँदा लोसपाले देउवाको पक्षमा मत दिएको थियो । एमसीसीलगायतका मुद्दामा पनि लोसपाले सरकारलाई साथ दिएको छ ।

जनता समाजवादी पार्टी (जसपा) सरकारमा रहे पनि देउवाले लोसपाका नेताहरूसँग पछिल्लो समय राम्रो सम्बन्ध बनाउन लागेका हुन् । नेता झाका अनुसार लोसपाले सरकारलाई साथ दिँदै आए पनि त्यसको बदलामा लोसपाले केही नपाएको भन्दै भने, 'कांग्रेसले मिठाई खाने तर हामीले साथ दिँदादिँदै चकलेट पनि नखाने ?' पछिल्लो संवादपछि लोसपाका माग सम्बोधन गर्न ३ सदस्यीय कार्यदल पनि गठन भएको छ । कार्यदलमा सरकारका तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र लोसपाका तर्फबाट नेताहरू सर्वेन्द्रनाथ शुक्ल र लक्ष्मणलाल कर्ण छन् ।

लोसपाले सुरुदेखि नै नागरिकता विधेयक पास हुनुपर्ने, संविधान संशोधन हुनुपर्ने, रेशम चौधरीलाई जेलमुक्त गर्नुपर्ने, मधेस आन्दोलनका क्रममा लगाइएका झूटा मुद्दा फिर्ता हुनुपर्ने तथा लाल आयोगको प्रतिवेदन सार्वजनिक हुनुपर्ने माग राख्दै आएको छ । प्रधानमन्त्री देउवाले लोसपाका यी माग पूरा गरे लोसपालाई सरकारमा जाने बाटो खुल्नेछ । एक केन्द्रीय नेताले भने, 'चुनावअघि नै सरकारमा जाने सम्भावना पनि छ तर यसका लागि सरकारले लोसपाले उठाएका माग सम्बोधन गर्न प्रक्रिया अघि बढाउनुपर्छ ।'

यसअघि संविधान संशोधन, नागरिकताको समस्या, जेलमा रहेका सांसद रेशम चौधरीको रिहाइलगायतका मुद्दा सम्बोधन गर्न एमाले अध्यक्ष केपी ओली सकारात्मक रहेका भन्दै लोसपा सरकारमा गएको थियो । तर, संसद् विघटनपछि भएको मन्त्रिपरिषद् विस्तार गर्न नपाउने सर्वोच्च अदालतको आदेशपछि लोसपा १९ दिनमै सरकारबाट बाहिरिएको थियो ।

**चुनावी गठबन्धन रणनीति**

लोसपाले स्थानीय तहको निर्वाचनमा सकेसम्म एक्लै निर्वाचनमा लड्ने र दोस्रो विकल्पको रुपमा नेकपा एमालेलाई रोज्ने देखिएको छ ।

तराई मधेसका जिल्लामा 'आक्रामक' रूपमा उपस्थित हुँदै गएको तथा 'मधेसमा एमाले क्रेज' बढ्दै गएको निष्कर्षका साथ लोसपाले प्रमुख प्रतिपक्ष दल एमालेसँग चुनावी गठबन्धन गर्नेबारेमा आन्तरिक छलफल सुरु समेत गरेको छ ।

लोसपाका कार्यकारिणी समितिका सदस्य केशव झाले स्थानीय तह निर्वाचनमा गठबन्धनका बारेमा एमालेसँग औपचारिक छलफल नभए पनि सम्भावना भने नकार्न नसकिने बताए । झाले भने, 'पहिलो एक्लै चुनावमा लड्ने, दोस्रो एमालेसँग चुनावी तालमेल गर्ने ।'

उनका अनुसार सत्ता गठबन्धनले लोसपाको राजनीतिक माग पूरा गरेको खण्डमा मात्र चुनावी गठबन्धन गर्न सक्ने तेस्रो विकल्पको रूपमा राखिएको छ । पार्टी विभाजनपछि सांगठनिक सक्रियता र स्थानीय तह निर्वाचन केन्द्रित अभियानका लागि तराई मधेसका जिल्ला डुलिरहेका अध्यक्ष ठाकुर र राजेन्द्र महतोलाई स्थानीय नेता

बाँकी अन्तिम पृष्ठमा

## सरकारसँग छलफल भइरहेको छ : ठाकुर



जनकपुरधाम । लोसपाका अध्यक्ष महन्थ ठाकुरले आफ्नो पार्टी सरकारमा सहभागी हुने विषयमा प्रधानमन्त्री शेरबहादुर देउवासँग छलफल भइरहेको बताएका छन् ।

मंगलबार जनकपुरधाममा मधेस प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रममा अध्यक्ष ठाकुरले यस विषयमा पार्टीभित्र भने निर्णय नभएको बताए । वर्तमान सरकारले आफूहरूको माग सम्बोधन गर्ने विषयमा प्रतिबद्धता नजनाएसम्म सरकारमा जाने कुनै सम्भावना नरहेको समेत उनले प्रस्ट पारे ।

उनले वर्तमान सरकारमा सामेल हुनका लागि नागरिकता सम्बन्धी मुद्दा सम्बोधन, मधेस आन्दोलनका क्रममा लगाइएका झूटा मुद्दा खारेज लगायतका विषयमा प्रधानमन्त्री देउवासँग छलफल चलिरहेको बताए । उनले नागरिकता सम्बन्धी मुद्दा समाधान गर्नका लागि कानुनी जटिलता हटाउने, मधेस आन्दोलनका क्रममा लगाइएका झूटा मुद्दा खारेज गर्ने विषयमा सरकारले गम्भीरता देखाए आफ्नो पार्टी सरकारमा जान सक्ने बताए ।

## कांग्रेस, माओवादी र नेकपा एस मधेश विरोधी ?

| पार्टी | मधेशी | गैरमधेशी | जम्मा |
|---|---|---|---|
| नेपाली कांग्रेस | १ | ८ | ९ |
| नेकपा (माओवादी केन्द्र) | १ | ५ | ६ |
| नेकपा (एकीकृत समाजवादी) | ० | ५ | ५ |

काठमाडौं । नेपाली कांग्रेस नेतृत्वको गठबन्धन सरकारमा रहेका दलहरुले सरकारमा पठाएका मन्त्रीहरुमा मधेशी अटाएनन् । कांग्रेस र नेकपा (माओवादी केन्द्र)ले सांकेतिक रुपमा मधेशीको उपस्थिति गराएका छन् भने नेकपा (एकीकृत समाजवादी)ले एक जना पनि मधेशीलाई सहभागी गराएन । सत्ता साझेदार रहेका जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले गठबन्धनका ती दलहरुले समानुपातिक समावेशिताको सिद्धान्तलाई नअपनाएको बताए । उनले एक टेलिभिजन अन्तर्वार्तामा यस्तो कुरा बताएका हुन् ।

# सीके राउतको चुनावी अभियान तीव्र



काठमाडौँ । डा. सीके राउत नेतृत्वको जनमत पार्टीले स्थानीय तह निर्वाचनका लागि अभियान तीव्र पारेको छ ।

पहिलोपटक चुनावमा भाग लिन लागेको डा. सीके राउत नेतृत्वको जनमत पार्टीले पनि चुनाव केन्द्रित गतिविधि सुरु गरिसकेको छ । पार्टीले किसान आन्दोलन र माटो सङ्कलनको अभियान सँगसँगै चुनावी अभियानलाई पनि लैजाने गरी योजनाहरू बुनिरहेको छ ।

जनमतले स्थानीय तहको निर्वाचनको क्रममा निर्वाचनबाट जनताको राज ल्याउने, भ्रष्टाचारको अन्त्य गर्ने र १० लाख बेरोजगारलाई रोजगारी दिनेलगायतका योजनालाई अघि सारेको छ । महासचिव चन्दन सिंहले जनमत पार्टीले मधेस प्रदेश सहित ३२ जिल्लामा निर्वाचनमा सहभागी हुने जानकारी दिए ।

स्थानीय तह चुनाव केन्द्रित 'जनमत माटो यात्रा'का क्रममा राउत लुम्बिनी, मधेस र प्रदेश १ को प्रत्येक पालिकामा पुग्दैछन् ।

पहिलो चरणमा लुम्बिनी प्रदेशको विभिन्न स्थानीय तहमा पुगेर सर्वसधारणसँग भेटघाट गर्दै राउतसहित जनमत पार्टीका नेताले विभिन्न स्थानबाट माटो संकलन गरेका थिए ।

जनमत पार्टी अहिले मधेस प्रदेश केन्द्रित जनमत माटो यात्रा गरिरहेको छ । बारा जिल्लाको विभिन्न स्थानीय तहमा माटो यात्रापछि ६ चैतदेखि सप्तरी जिल्लाको विभिन्न स्थानीय तहमा यात्रा जारी रहेको जनमत पार्टीका नेता बीपी साहले जानकारी दिए । सप्तरी पछि रौतहट, सिरहा, सर्लाहीलगायतका जिल्लामा माटो यात्रा हुने उनले बताए ।

नेता साहका अनुसार किसान, आमसर्वसाधारण तथा मतदातासँग प्रत्यक्ष रुपमा भेटघाट गर्न जनमत माटो यात्रामा तीब्रता दिइएको हो ।

'तराई-मधेसका गाउँगाउँमा पुगेर अध्यक्षज्यूले सर्वसाधारणलाई भेट्दै हुनुहुन्छ,' नेता साहले भने, 'मधेस एकता उद्यान स्थापनाका लागि तराई- मधेसको विभिन्न स्थानीय तहबाट माटो संकलन गर्ने कार्यक्रमको रुपमा जनमत माटो यात्रा सुरु गरिएको थियो । निर्वाचन नजिकिएपछि यसलाई निर्वाचन केन्द्रित कार्यक्रमको रुपमा पनि अगाडि सारिएको छ ।'

स्थानीय तहको निर्वाचनमा जनमत पार्टीले केन्द्र स्तरबाटै कुनै पार्टीसँग गठबन्धन नगरी एक्लै निर्वाचनमा जाने नेता साहको भनाइ छ । 'हाम्रो पार्टीले केन्द्रीय तहबाटै कुनै पार्टीसँग गठबन्धन गर्दैन । स्थानीय नेतृत्वले आफू अनुकुल कोहीसँग पनि तालमेल गर्न सक्छन्,' उनले भने, 'चुनावको तयारीमा हामी धेरै पहिलेदेखि नै कभरेज अभियान, बुथबुथ मजबुत अभियान र जनमत माटो यात्रा गरिरहेकोले ग्राउण्डमा हाम्रो शक्तिको अनुमान हामीले लगाएका छौं । त्यसकारण हामी एक्लै चुनावमा गएर पनि धेरै राम्रो नतिजा ल्याउनेमा विश्वस्त छौं ।'

## अध्यादेश आयो, रेल कहिले सुरु होला ?



जनकपुरधाम । रेलसम्बन्धी अध्यादेश पुन: जारी भएसँगै जयनगर-जनकपुरसम्म रेल सञ्चालनको बाटो खुलेको छ । सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले रेल्वे अध्यादेश, २०७८ जारी गरेपछि रेल सेवा सञ्चालनको तयारी गरिएको हो । यसअघि गत मङ्सिरमा नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम जारी भएको रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश सङ्घीय संसद्बाट पारित हुन नसक्दा स्वत: निष्क्रिय भएको ज्ञथियो ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवले गत मङ्सिर १५ गते सरकारले खरिद गरेको रेल तत्काल सञ्चालन नगर्दा रेलको इञ्जिनमा समस्या आउने र रेलको संरचनामा थप हानीनोक्सानी हुनसक्ने भन्दै तत्काल रेलसम्बन्धी कानुन व्यवस्था गरी सञ्चालन गर्न कारणसहित अध्यादेश पेश गरेकी थिएन् । संसद् अधिवेशन अन्त्य भएसँगै सरकारको सिफारिसमा राष्ट्रपति भण्डारीले मङ्गलबार पुन: रेल्वे अध्यादेश जारी गरेपछि रेल सञ्चालन गर्ने बाटो खुलेको नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले बताए ।

रेल्वे अध्यादेश जारी भइसकेकाले अबको केही दिनभित्रै रेल सेवा उद्घाटनको मिति तय हुने उनले बताए । प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा भर्चुअल माध्यमबाट उदघाटन गर्ने तयारी भइरहेको महाप्रबन्धक झाले बताए । उनकाअनुसार अध्यादेश निस्क्रिय भएपछि रेल सेवा सञ्चालन गर्न कठिनाइ भएको थियो ।

गत फागुन १ गतेदेखि जयनगर-जनकपुरसम्म यात्रुविहीन रेल दैनिक एकपटक सञ्चालन भइरहेकामा अहिले एक महिनामा १५ दिनमात्र चल्न थालेको छ ।

'प्राविधिकरूपमा सबै तयारी भइसकेको छ, कर्मचारी नियुक्त भएर काममा खटिएका छन्,' उनले भने, 'भाडादर पनि निर्धारण भइसकेको छ ।' जनकपुर-कुर्था-जयनगरसम्म सामान्यतर्फ प्रतियात्रु रु ७० र वातानुकुलित सिटमा रु ३०० भाडा निर्धारण गरिएको छ ।

# प्रदेश १ को नामकरणको आधार के हुने ?



सन्तोष मेहता

नेपालका सात प्रदेशमध्ये छ वटा प्रदेशले नाम टुंगो लगाइसकेका छन् । प्रदेश २ ले मधेश, प्रदेश ३ ले बागमती, प्रदेश ४ ले गण्डकी, प्रदेश ५ ले लुम्बिनी, प्रदेश ६ ले कर्णाली र प्रदेश ७ ले सुदुरपश्चिम प्रदेश राखेका छन् । अहिले अधिकांशको नजर भने प्रदेश १ मा केन्द्रित छ । बाँकी ६ वटा प्रदेशले नाम र राजधानीको टुंगो लगाइसक्दा प्रदेश १ ले भने अझै नामाकरण गर्न सकेको छैन । तत्कालीन मुख्यमन्त्री शेरधन राईकै कार्यकालमा २३ वैशाख ०७६ मा विराटनगरलाई राजधानी तोकिएपनि नामाकरण भने अझै भएको छैन । तीनपटक सत्ता परिवर्तन हुँदा पनि नामाकरण बारे अझै प्रदेश सरकार अन्यौलमा छ । प्रदेश नम्बर २ ले पहिचानको आधारमा आफनो प्रदेशको नाम मधेश प्रदेश राखे पछि प्रदेश नम्बर १ पनि दबाबमा रहेको छ । हुन् त मधेश प्रदेश बाहेक ५ वटा प्रदेशले पहिचानलाई बेवास्ता गर्दै नामांकन गरे । त्यसैले यतिखेर प्रदेश १ को नामाकरणको विषय पेचिलो बन्दै गएको छ । नामांकित मधेश प्रदेश बाहेक पाँच प्रदेशहरूको चर्चा गर्दा केन्द्रीय संसद्, सरकार र प्रदेशसभाहरूमा पहिचानविरोधी कांग्रेश र वामपन्थी शक्तिको हालीमुहाली भएकोले नामांकन प्रक्रियामा गणितीय तमासा भयो । पहिचानसहितको नामांकनको लागि भएको नेवा, मगरात, तमुवान, ताम्सालिङ, थारुहटका आन्दोलनलाई बेवास्ता गरी अखण्ड, सुदूरपश्चिमको नाउँमा प्रतिक्रियावादी संघर्ष गराएका शक्तिहरूले पूर्व अञ्चल तथा विकास क्षेत्र जनित नामहरू नवीकृत गरेर प्रदेशहरूको नामकरण गराए– वाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश ।

अहिलेसम्म नामांकित प्रदेशहरूको नामहरूमाथि दृष्टिपात गर्दा मधेश बाहेक कुनै पनि प्रदेशको नाम पहिचानको आधारमा राखिएको पाइँदैन । नामकरणमा नदीनाला, ठाउँ, पूर्वनामको आधार मात्र लिएको देखिन्छ । किन प्रदेशहरूले पहिचानको स्थान पाएन त ? मधेस आन्दोलन, आदिवासी, जनजाति, थारु, मुस्लिम, दलित आन्दोलन सबैका 'म्यान्डेट' थिए- अधिकार, सम्मान र पहिचान । अन्तरिम संविधानले पनि यी आन्दोलनको सम्मान गर्दै स्वायत्ता र स्वशासनको प्रत्याभूतिको ग्यारेन्टी गरेको थियो । पहिलो संविधानसभा अवधिमा गठित राज्य पुनर्संरचना आयोगले सामर्थ्य र पहिचानको आधारमा दश प्लस एक वटा प्रदेश बनाउने सिफारिस गरेको थियो- किरात, मगरात, ताम्सालिङ, नेवा, तमुवान, लिम्बुवान, कर्णाली-खप्तड, थारुवान, मधेस र दलित प्रदेश ।संविधानसभाअन्तर्गत रहेको राज्य पुनर्संरचना समितिले पनि १४ प्रदेशको त्यस्तै संरचना प्रस्ताब गरेको थियो । पहिलो संविधानसभाको अवसान भएको दिन नै अधिकारवादी-पहिचानवादी जनताको सपनामा ग्रहण लाग्यो ।

प्रदेश न १ मा पहिचानको आधारमा नाम राख्ने वा बहुपहिचान खोज्ने भन्ने प्रश्नहरू उठ्दै आए । हिमाल, पहाड र तराई-मधेश सम्म फैलिएको प्रदेश १ मा झापा, इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुंगा र उदयपुर गरी जम्मा १४ वटा जिल्लाहरू छन् । ९३ सदस्य रहेको प्रदेशसभामा हाल कायम संख्या ९२ छ । गठबन्धनमा कांग्रेसका २१, माओवादी केन्द्रका १५, नेकपा एकीकृत समाजवादीका १०, जसपाका ३ र संघीय लोकतान्त्रिक मञ्चका १ गरी ५० सांसद छन् । यस्तै, एमालेका ४३ मध्ये एकजना सभामुख र एकजना फरार सांसद छन् । विगतमा माओवादीले किरात, लिम्बुवान र कोचिला/मदेश प्रदेश भन्ने गरेको भूभाग अहिले सिंगै १ नम्बरमा छ । एमालेले बहुपहिचानका आधारमा किरात लिम्बुवान कोशी प्रदेश भनेको थियो । प्रदेशसभामा कांग्रेसले प्रदेश १ को नाम सगरमाथा, त कहिले कोशी राख्न दबाब दिइरहेको छ । मुख्यमन्त्रीलाई विभिन्न संघ-संस्थाका नाममा दिनहुँजसो कुनै न कुनै भाषिक, जातीय समूहले भेटेर फलानो वा ढिस्कानो नै नाम राख्नुपर्छ भनेर ज्ञापनपत्रमार्फत दबाब पनि दिइरहेका छन् । प्रदेश न १ आदिवासी जनजाति र कोच मधेशी बाहुल्य प्रदेश हो । जातीय/राष्ट्रिय पहिचानका आधारमा प्रदेशको नामलाई औपचारिकता दिनुपर्ने माग राख्दै प्रदेश १ मा पटक-पटक आन्दोलन हुने गरेको छ । पहिचानका आधारमा आफ्नो स्वायत्त प्रदेश हुने भनेर माओवादी जनयुद्ध होस् कि लिम्बुवान किरात खम्बुवान आन्दोलन वा मधेश जन बिद्रोह यी सबैका नाममा हजारौ नागरिक आफ्नो शहादत दिएका छन् । यसै बखत नेकपा एमालेका अध्यक्ष केपी ओलीले बिना पहिचानको कोशी प्रदेश नाम राख्ने सुझाएकोले यो विषय झन् पेचिलो बनेको हो ।

सरकारको नेतृत्व गरिरहेको दल नेकपा(एस) ले कुनै नाम सार्वजनिक नगरे पनि उ एमालेबाट फुटेर बनेको हुनाले उसको प्रस्ताब पनि एमाले जस्तै हुने अनुमान गर्न सकिन्छ, यद्दपि मुख्य मन्त्रि राजेन्द्र राइले किरात प्रदेशको पक्षमा रहेको सार्वजानिक मन्चहरुमा बताउछन । राष्ट्रिय लोकतन्त्रिक मन्चकी एक मात्र सांसद रहेकी विष्णु तूम्बाहाम्फेले प्रदेशको नाममा लिम्बुवान प्रदेश हुनुपर्ने माग राख्दै आएकी छिन । तिन सांसद रहेको जनता समाजवादी पार्टीले भने स्पस्ट कुनै नाम प्रस्ताब नगरे पनि कहिले 'किरात-लिम्बुवान' नामराख्नु पर्ने भनेर ज्ञापन पत्र बुझाउछन त कहिले 'किरात-लिम्बुवान-मधेश-शेर्पालुंग' भनेर बिज्ञप्ति जारि गर्छन । त्यसैगरी अर्को पहिचानवादी पार्टी लोकतान्त्रिक समाजवादी पार्टीको प्रदेश न १ कमिटीले बैठक गरि यो प्रदेशको नाम 'किरात-लिम्बुवान-कोच-मधेश' प्रदेश नामाकरण गर्न प्रदेश संसद र सरकारसमक्ष माग गरेको छ । पार्टीको प्रदेश नम्बर १ को पूर्ण बैठकपछि आयोजित पत्रकार सम्मेलनमा पार्टीले यसबारे जानकारी गराइएको हो । वर्तमान प्रदेश संरचना मधेश जनविद्रोह, कोच, लिम्बुवान, किराँत/खम्बुवान आन्दोलनको मर्म र भावना विपरित एवं सरकारले बनाएको राज्य पुनर्संरचना आयोगको सिफारिस विपरित भएको स्पष्ट पार्दै प्रदेशको नामाकरण गर्दा उल्लेखित आन्दोलनहरुको मर्म र भावना अनुसार 'किराँत लिम्बुवान कोच मधेश'

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय

# स्थानीय निर्वाचनको माहोल

बैशाख ३० गते देशभरका ७५३ वटा स्थानीय तहमा निर्वाचन हुँदैछ । मुलुकमा सङ्घीय शासन व्यवस्था सुरु भएपछि हुन लागेको स्थानीय तहको यो दोस्रो निर्वाचन हो । स्थानीय तहका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र सदस्य गरी ३५ हजार २२१ पदका लागि त्यस दिन मतदान हुनेछ ।

नयाँ संविधानअनुसार तीन तहको सङ्घीय संरचना बनेपछि ३१ वैशाख २०७४ मा पहिलो चरणको स्थानीय तहको चुनाव भएको थियो । यसैगरी १४ असारमा दोस्रो र २ असोजमा तेस्रो चरणको चुनाव भएको थियो । स्थानीय तह निर्वाचन ऐनअनुसार जति चरणमा निर्वाचन भए पनि पहिलो चरणको चुनाव भएको सात दिनपछि कार्यकाल सुरु भएको मानिने व्यवस्था छ । जुन व्यवस्थाअनुसार ५ जेठ २०७९ मा स्थानीय तहका निर्वाचित जनप्रतिनिधिको पाँचवर्षे कार्यकाल पूरा हुनेछ ।

निर्वाचन आयोगले निर्वाचनका लागि आवश्यक गृहकार्य अघि बढाएसँगै राजनीति दलहरुले निर्वाचनको तयारी सुरु गरिसकेका छन् । यसका साथै राजनीति वृत्त, चिया पसल र चौतारामा हुने गफ त्यसैमा केन्द्रित हुन थालेका छन् । अर्थात् स्थानीय तहमा प्रमुख राजनीतिक दलका तर्फबाट सम्भावित उम्मेदवारका बारेमा चर्चा-परिचर्चा सुरु हुन थालेको छ । उम्मेदवारको चर्चा-परिचर्चा त छँदै छ, साथै मतको जोडघटाउ पनि हुन थालेको छ ।

> लोकतन्त्रको मियो स्थानीय सरकार हो । लोकतन्त्रको आधारका रूपमा रहेको स्थानीय सरकार बलियो भए मात्र सिङ्गो संरचना बलियो हुन्छ । त्यसकारण स्थानीय सरकार बलियो बनाउनका लागि योग्य र इमानदार नेतालाई उम्मेदवार बनाउनु पर्छ ।

यस पटकको स्थानीय चुनावका लागि आजका दिनसम्म कुनै पनि दलले घोषणापत्र सार्वजनिक गरिसकेका छैनन् । सत्तासीन दल कांग्रेसले 'घर-घर जाऔँ, काँग्रेस जिताऔँ' अभियान सुरु गरेको छ तर घोषणात्रमा के राख्ने भन्ने विषयमा छलफल गरेको छैन । यद्यपी एमालले बैशाख ९ गते घोषणा पत्र सार्वजनिक गर्ने बताएको छ भने अन्य दलले औपचारिक रूपमा स्थानीय चुनाबबारे केही भनिसकेका छैनन् । कुन एजेन्डा अघि सार्दा मतदातालाई विश्वासमा लिन सकिन्छ भनेर उनीहरू आन्तरिक छलफलमै छन् । राजनीतिक दलहरू घोषणापत्रको गृहकार्यमा व्यस्त रहेको बेला आम मतदाताले अघिल्लो चुनावमा तिनले अघि सारेका चुनावी घोषणापत्र केलाउने बेला हो यो । हरेक दलले व्यक्त गरेका प्रतिबद्धता कति पूरा भए, भएनन् भनेर त्यसको फेहरिस्त निकाल्ने बेला पनि हो ।

नेपालको संविधान २०७२ जारी भएसँगै सङ्घीयता कार्यान्वयनमा आएको हो । सिंहदरबारमा वर्षौंदेखि केन्द्रित अधिकारलाई स्थानीय तहमा विकेन्द्रित गराउने काम यही संविधानले गराएको हो । अर्थात् सिंहदरबारको अधिकार पहिलो पटक गाउँगाउँमा पुगेको छ ।

लोकतन्त्रको मियो स्थानीय सरकार हो । लोकतन्त्रको आधारका रूपमा रहेको स्थानीय सरकार बलियो भए मात्र सिङ्गो संरचना बलियो हुन्छ । त्यसकारण स्थानीय सरकार बलियो बनाउनका लागि योग्य र इमानदार नेतालाई उम्मेदवार बनाउनु पर्छ । हरेक पार्टीले अघि सारेका योग्य र इमानदारमध्येबाट निर्वाचित भएका जनप्रतिनिधिले जनहितका पक्षमा काम गरेपछि मात्र लोकतन्त्रप्रति नागरिकको विश्वास र भरोसा बढ्छ ।

# रुस, युक्रेन युद्धको त्रासदी र नेपाल

**विचार-विश्लेषण** भाग-१२६



उपेन्द्र झा

> नेपालमा एमसीसी पास गराउन सफल अमेरिकासँग चीनको तनाव तीव्र रुपमा बढेको छ । नेपालबाट आफूलाई विस्थापित गर्न खोजेको कुराबाट क्रूद्ध बनेको चीन, अमेरिकासँग भिड्न निहुँ खोजी नै रहेको छ । नेपालमा एक चीन नीतिसंगै एक चीन प्रभाव हेर्न चाहने चीन आफ्नो कब्जाबाट नेपाललाई बाहिर जान दिन चाहँदैन । फ्री तिब्बतको आवाजबाट तिब्बतलाई जोगाउनु चीनको ठूलो चिन्ता छ ।

महिना दिनदेखि रुस र युक्रेनबीच चलि रहेको युद्धमा रुसको प्रतिष्ठा दावमा लागेको छ । उच्च महत्वाकाँक्षाका कारण रुसले युक्रेन जस्तो सानो मुलुकमाथि अनावश्यक युद्ध थोपरेकाले सारा विश्व रुसको विरुद्ध संगठित भई प्रतिवाद गर्न उत्रेका छन् । अन्तर्राष्ट्रिय कानूनको उल्लंघन गरि रुसले युक्रेनलाई सिध्याउने गरि गरेको सैन्य कारवाहीप्रति विश्व अनपेक्षित तेश्रो विश्वयुद्ध घरदैलोमा आई पुगेको देखेर आश्चर्यचकित र भयभीत बनेको छ ।

तीन दिनमा युक्रेनलाई सिध्याउने अठोटका साथ थालिएको युद्ध महिना दिनमा पनि रुसले फतह गर्न नसकेर निरन्तर युद्ध गरि रहेको छ । युक्रेनको राजधानी कीव शहरका सरकारी भवन, सार्वजनिक महत्वका भवनहरु, ठूल्ठुला आवासका भवनहरु ध्वस्त पारेर पनि रुसले कब्जा गर्न सकेको छैन । सानो देश र कमजोर सैन्य शक्ति लिएर युक्रेन अदम्य साहसका साथ युद्ध लडि रहेको अवस्थाले विश्व युक्रेनी राष्ट्रपति जेलेन्स्कीको प्रशंसा गरेको छ ।

प्रतिरक्षात्मक अवस्थामा युद्ध लडि रहेको युक्रेनप्रति युरोपीय देशहरुको सहानुभूति रहँदा पनि युद्धमा प्रत्यक्ष साथ दिन भने ठूलो धर्मसंकट छ । यस युद्धमा युक्रेनको साथ दिने जोकोहीलाई छाडिने छैन रुसको धम्कीले तेश्रो विश्वयुद्ध निम्तिने खतरा स्पष्ट पारि दिएको छ । युद्धको अर्को विकल्प रुसमाथि युरोपीय देशको आर्थिक नाकाबन्दी हो । अहिले सम्म विश्वले रुसमाथि २ हजार ७ सय वस्तुको प्रतिबन्ध लगाई सकेको छ । विश्वबाट अलग्गिएको रुस अहिले ५ हजारभन्दा बढि प्रतिबन्धको सामना गरि रहेको छ । रुसको जीतले मात्र युद्ध विराम हुने अन्यथा युद्ध चलि रहने रुसको बाध्यता हो । रुसको जीत युक्रेनको समाप्ति हो जो विश्वलाई कुनै हालतमा मान्य हुँदैन ।

सन् २०१४ मा क्रिमियालाई आफ्नो कब्जामा लिएको रुसले युक्रेनको पूर्वी सीमासम्म सैन्य विस्तार गरि युक्रेनसंग शत्रुताको बिजारोपण गरेको थियो । आफ्नो प्रभावभन्दा बाहिर जान नदिन युक्रेनलाई अनेक किसिमको दबाव बेहोर्नु परेको थियो । नेटोसंग सम्बन्ध विस्तार गर्ने युक्रेनको अभिव्यक्ति रुसलाई पाच्य भएन र युद्धबाट नै युक्रेनलाई सिध्याउने रुसको अठोटले विश्वलाई संकटमा पारेको छ ।

युक्रेनमा धनजनको अपार क्षति देखेर विश्वले सैन्य सामग्री तथा आर्थिक सहायता उपलब्ध गराउन शुरुवात गरेदेखि युद्ध लम्बिदै गएको छ । युद्धरत रुस छिटो नतिजा निकाल्न असक्षम भई रहेको अवस्था, विश्वले लगाएको आर्थिक नाकाबन्दी आदिका कारण रुसले पनि अनपेक्षित क्षति बेहोरि रहेको छ । शक्ति राष्ट्रको अभिमानले युद्धबाट विजयी हुने चाहना संकटमा परेपछि युद्धबाट हट्ने अवस्था पनि छैन । शक्ति राष्ट्रको प्रतिष्ठा दावमा लागेकोले तेश्रो विश्वयुद्धको मूल ढोकासम्म यस युद्धलाई पु¥याउने रुसको बाध्यता देखिएकोले विश्व पनि युक्रेनको भौतिक संरचनाको क्षति, उच्च विन्दुको मानव क्षतिलाई मूक दर्शक भई हेर्न सक्दैन र रुसलाई नियन्त्रण गर्न कदम चाल्छ ।

चीन, उत्तर कोरिया, इरान, पाकिस्तान, बेलारुस लगायतका केही देशहरु रुसको समर्थनमा युद्धको तयारी अवस्थामा बसेको छ । बेलारुसले युक्रेनका राजनयिकहरुलाई बेलारुसबाट बाहिर निकालि सकेको छ । युक्रेनसंग नेटो राष्ट्र प्रत्यक्ष युद्धमा संलग्न भएपछि उपरोक्त देशहरु पनि रुसको समर्थनमा खुल्ने प्रष्ट छ । त्यसपछि त पारस्परिक बैरभाव राख्ने देशहरु एकअर्कालाई सिध्याउने हिसावले युद्धमा होमिने छन् । रुसको युद्ध नरोकिने जिद्दले विश्वलाई युद्ध गर्न उक्साई रहेको परिस्थिति सृजना भएको छ । रुस र चीनको अब्वल दर्जाको दुश्मनको रुपमा रहेको अमेरिकालाई युद्धमा होमिन बाध्य पार्ने, त्थ्यसपछि रुस र चीनबाट दोहरो आक्रमणको शिकार बनाउने रणनीति पनि हुन सक्दछ । अमेरिका निकट रहेको भारत रुसको पुरानो मित्रतालाईं तिलाँजली दिन सक्दैन । अमेरिका र रुस कसलाई साथ दिने भा।रतसंग ठूलो धर्मसंकट छ ।

अमेरिकी राष्ट्रपति जो बाईडेनको युक्रेनको पश्चिम सीमामा पर्ने पौलेण्डको भ्रमणले रुसको बौखलाहट तीब्र बनेको छ । रुस कुनै पनि बेला परमाणु हथियार प्रयोग गर्न सक्ने छ । युक्रेनमाथि चार दिनदेखि रुसले हवाई हमला तीब्र रुपमा बढाएको छ । युक्रेनको पुर्व रुसी सेनाको जमघट छ । पश्चिमी सीमा पौलेण्डमा अमेरिकाले आफ्नो सेना थुपार्ने रुसको आकलन छ । यसरी रुस र अमेरिकाको प्रत्यक्ष युद्धको सम्भावना देखिन्छ ।

रुसले भारी मात्रामा युरोपलाई पाइप लाईनद्वारा गैस र तेल बेची रहेको छ । युरोपीय देशले रुसमाथि आर्थिक नाकाबन्दी गरेका कारण रुसले अर्थ संकट भोगि रहेको बेला उनले पनि गैस र तेलको भुक्तानी रुबलमा लिने घोषणा गरि सकेको छ । अन्यथा गैस र तेलको आपूर्ति बन्द हुन सक्ने संकेत पनि गरेको छ ।

नेपाल भारत, अमेरिका, चीन र युरोपियन युनियनको समान स्वार्थको खेल मैदान बनेको छ । केही समय यता चीनको प्रभाव नेपालमा बढेको कारण अरु शक्ति संकुचित हुन पुगेको छ । संकुचनभन्दा बाहिर निस्केर चीनको प्रभावलाई न्यून गर्ने रणनीति तहत पहिला चीनको प्रभावमा रहेको नेताहरुलाई बाहिर निकाल्ने, दोश्रो, संसदमा एकतिहाई मत संख्या रहेपनि एमसीसी पास गराउन सफल भएपछि चीनको प्रभाव नेपालमा नष्ट भएको देखेर चीन क्रुद्ध बनेको छ । अमेरिकाको प्रभाव विस्तार भएका कारण नेपालले एक चीन नीति पनि छोड्ला कि भन्ने आशंका निवारण गर्न आगामी दिनमा चीनको विदेश मंत्री नेपाल आउने कार्यक्रम छ ।

नेपालमा एमसीसी पास गराउन सफल अमेरिकासँग चीनको तनाव तीव्र रुपमा बढेको छ । नेपालबाट आफूलाई विस्थापित गर्न खोजेको कुराबाट क्रूद्ध बनेको चीन, अमेरिकासँग भिड्न निहुँ खोजी नै रहेको छ । नेपालमा एक चीन नीतिसंगै एक चीन प्रभाव हेर्न चाह्ने चीन आफ्नो कब्जाबाट नेपाललाई बाहिर जान दिन चाहँदैन । फ्री तिब्बतको आवाजबाट तिब्बतलाई जोगाउनु चीनको ठूलो चिन्ता छ । तिब्बत कै सुरक्षाका लागि नेपाल चीनको लागि महत्वपूर्ण भएको छ ।

अमेरिकाप्रति क्रुद्ध रहेको चीन, नेपालमा उसको सशक्त उपस्थिति कथमपि बर्दास्त गर्दैन । अमेरिका मात्र होइन नेपालमा चीनले भारत, युरोपियन युनियन कसैको प्रभाव देख्न चाहँदैन । तेश्रो विश्व युद्धको थालनी भयो भने चार महाशक्ति देश एकत्रित रहेको ठाउँ नेपाल युद्धको प्रभावबाट बाँच्न सफल भयो भने भाग्यको कुरा नै भनौं ।

janukjha24@gmail.com

# मधेश प्रदेशमा दलहरू स्थानीय निर्वाचनमा केन्द्रित

जनकपुरधाम । स्थानीय तह निर्वाचनको मिति नजिकिँदै जाँदा मधेस प्रदेशका जिल्लामा राजनीतिक दलहरूले निर्वाचन केन्द्रित गतिविधिलाई तीव्रता दिएका छन् । अधिकांश स्थानीय तहको चुनावी परिणाम आफ्नो पक्षमा पार्ने उद्देश्यका साथ नेपाली कांग्रेस, नेकपा ( एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा ( एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीलगायत दलका नेता कार्यकर्ता यतिबेला चुनाव केन्द्रित कार्यक्रम लिएर गाउँ-गाउँ पुग्न थालेका हुन् । सरकारले २०७९ वैशाख ३० गते स्थानीय तह निर्वाचनको मिति घोषणा गरेको छ । सरकारको घोषणासँगै निर्धारित मितिमै चुनाव सम्पन्न गर्ने तयारीमा रहेको निर्वाचन आयोगले आगामी वैशाख ११ र १२ गते उम्मेदवारी मनोनयनपत्र दर्तालगायत कार्यतालिका प्रकाशन गरिसकेको छ । निर्वाचनको मिति नजिकिँदै जाँदा मुख्य राजनीतिक दलको ध्यान उम्मेदवार छनोटदेखि मतदाता रिझाउनमा केन्द्रित बनेको छ । उम्मेदवारको आकाङ्क्षीदेखि विभिन्न राजनीतिक दलका नेताहरू पुग्न थालेपछि सहरदेखि ग्रामीण क्षेत्रमा समेत चुनावी माहोल बन्दै गएको स्थानीयवासी बताउँछन् ।

अघिल्लो स्थानीय तह चुनावमा देखिएको कमी-कमजोरीलाई सच्याएर चुनावी परिणाम कसरी आफ्नो पक्षमा पार्न सकिन्छ भन्ने रणनीतिका साथ चुनाव केन्द्रित कार्यक्रम सञ्चालन गरिरहेको कांग्रेस मधेस प्रदेशका सभापति कृष्णकुमार यादवले जानकारी दिए । प्रदेशभरिका सबै स्थानीय तहको वडावडामा टोल समिति गठन गर्नुका साथै पालिकास्तरीय, प्रदेशसभास्तरीय र सङ्घीय निर्वाचन क्षेत्रस्तरीय भेला सम्पन्न गरिसकेको सभापति यादवले बताए ।

आगामी स्थानीय तह निर्वाचनमा पार्टीलाई कसरी पहिलो बनाउने विषयमा नेता कार्यकर्ताबीच नियमित छलफल भइरहेको उनको भनाइ छ ।

पार्टी विभाजनपश्चात मधेस प्रदेशमा खस्किएको आफ्नो साखलाई आगामी स्थानीय तह निर्वाचनमार्फत फर्काउने उद्देश्यका साथ एमालेले पनि मधेस प्रदेशका आठवटै जिल्लाका स्थानीय तहमा चुनावलक्षित कार्यक्रमलाई अगाडि बढाएको छ । एमाले नेता तथा मधेस प्रदेश सहइञ्चार्ज लीलानाथ श्रेष्ठले स्थानीय तहका टोल समिति गठनसँगै वडा वडामा टोल भेला तथा प्रशिक्षण दिने कार्यक्रम भइरहेको जानकारी दिए ।

स्थानीय तहका प्रत्येक वडामा पाँचदेखि १५ वटासम्म टोल कमिटी गठन गरिएको र भातृ संस्थाको भेला, प्रशिक्षण र कमिटी गठनको कार्य जारी रहेको उनले जानकारी दिए ।

त्यस्तै माओवादी केन्द्रले पार्टीको नगर तथा गाउँपालिकामा जनवर्गीय सङ्गठन गठनलाई तीव्रता दिनुका साथै नेता कार्यकर्तालाई गाउँगाउँमा खटाएको छ । विभिन्न जिल्लामा पार्टीभित्र देखिएको विवादलाई हल गर्दै पार्टीलाई जिताउने गरी तयारीमा जुट्न गाउँ-गाउँमा नेता, कार्यकर्तालाई परिचालन गरिएको नेकपा (माओवादी केन्द्र)का मधेस प्रदेश अध्यक्ष प्रह्लाद बुढाथोकीले बताए ।

त्यसैगरी अघिल्लो स्थानीय तहको निर्वाचनमा मधेस प्रदेशमा बलियो पकड बनाएको जनता समाजवादी पार्टीले पनि आनो पुरानो साखलाई कायम राख्दै अझै थप केही स्थानीय तहमा जित निकाल्ने गरी तयारीमा जुटेको छ । स्थानीय तहको निर्वाचनलाई लक्षित गरी टोल कमिटी गठन गर्ने, प्रशिक्षण अभियान सञ्चालन गर्नेलगायत कार्य अगाडि बढाएको जसपा मधेस प्रदेशका सचिव दिनेशकुमार यादवले जानकारी दिए । अघिल्लो निर्वाचनमा भन्दा यसपालिको निर्वाचनमा आफ्नो पार्टीले बढी स्थानीय तह जित्ने दाबीसमेत उनको छ ।

पार्टी विभाजनबाट बनेको नेकपा (एकीकृत समाजवादी)ले पनि चुनावी गतिविधि अघि बढाएको छ । पार्टीका प्रदेश सचिव सुधीरकुमार साहका अनुसार एकीकृत समाजवादीले पनि अहिले प्रदेशका अधिकांश स्थानीय तहमा सङ्गठन विस्तार र भेला गरिरहेको छ ।

मुलुक बिखण्डनको मुद्दा छाडेर मूलधारको राजनीतिमा फर्किएको डा सिके राउत नेतृत्वको जनमत पार्टीले पनि मधेस प्रदेशमा स्थानीय तह निर्वाचनलक्षित कार्यक्रम सुरु गरेको छ । जनमत पार्टीले सप्तरीबाट माटो यात्रामार्फत चुनावी अभियान सुरु गरेको छ । जनमत माटो यात्रामा सहभागी गाडीमा 'अबकी बार, सीके सरकार' नारासमेत देखिएको छ ।

यसैबीच स्थानीय तहको निर्वाचनलाई लक्षित गरी म्यादी प्रहरी भर्नाको लागि सूचना जारी भएपछि मधेस प्रदेशका जिल्लामा आवेदन भर्ने मधेसी युवाको भीड बढेको छ । म्यादी प्रहरी भर्नाका लागि आवेदन दर्ता गराउन जिल्ला प्रहरी कार्यालय धनुषामा दैनिकरूपमा ठूलो भीड लाग्ने गरेका छन् । स्थानीय तह निर्वाचनमा खटिने म्यादी प्रहरीको भर्नामा युवाको बढ्दो आकर्षणले पनि आसन्न स्थानीय तहको निर्वाचनको वातावरण बन्दै गएको बुझ्न सकिन्छ ।

# तमलोपा राजनीतिक विकल्पको रुपमा अगाडि बढ्छ

**मधेशमा क्षेत्रीय पार्टीको रुपमा तमलोपा स्थापित होस् र काठमाडौंमा पनि आफ्नो हिस्सेदारी लेओस्। त्यसैले हामीले ठूला पार्टीहरुको पछाडि लाग्ने पक्षमा छैनौं। हामी एउटा स्वतन्त्र अस्तित्व सहितको क्षेत्रीय पार्टीको रुपमा स्थापित हुन चाहन्छौं।**



## डा.विजयकुमार सिंह
**वरिष्ठ नेता**
**तराई–मधेश लोकतान्त्रिक पार्टी**

**० स्थानीय चुनावको बेला तराई-मधेश लोकतान्त्रिक पार्टीलाई पुनर्जीवित गर्नुको कारण के हो ?**
– चुनावकै लागि हामीले तमलोपा गठन गरेको होइन। हामी पहिला जुन पार्टीमा थियौं, त्यस पार्टीलाई नीति, सिद्धान्त र लोकतान्त्रिक पद्धतिबाट सञ्चालन गर्न विभिन्न चरणमा दबाबमूलक कार्यक्रम पनि गर्‍यौं। तर, नेतृत्व पंक्तिले ती कुराहरुलाई नजर अन्दाज गर्दै गए। जथाभावी र मनपरी ढंगले पार्टी चल्नु हुँदैन भन्ने हाम्रो मान्यता थियो। तर, ती कुराहरुलाई पार्टी नेतृत्वले बेवास्ता गरेपछि हामी त्यहाँबाट अलग भएर मधेशको लागि राजनीतिक गतिविधि अगाडि बढाउन तमलोपालाई पुनर्जीवित गरेका हौं।

**० तमलोपाले स्थानीय चुनावको तयारी कसरी गर्दैछ ?**
– यो स्थानीय चुनावमा सहभागी हुन हामी सक्रिय भएर लागेका छौं। चुनावमा भाग लिन हामीले तमलोपालाई केन्द्रमा दर्ता गराएका छौं, साथै मधेश प्रदेशको आठवटै जिल्लामा पनि दर्ता गराएका हौं। केहीदिन अगाडि मात्रै पार्टीको राष्ट्रिय भेला गरेर एउटा केन्द्रीय समिति निर्माण भएको छ। अब हामी विभिन्न र बैठकहरु राख्दैछौं। जसमा राजनीतिक प्रशिक्षण लगायतअन्यकार्यक्रमहरु अगाडि बढाउँछौं। आसन्न निर्वाचनमा हामी जनतामाझ के सन्देश लिएर जाने कुरामा केन्द्रित भएर छलफल गरिरहेका छौं। त्यसैले हामी चुनावका लागि निकै नै सक्रिय छौं।

**० तमलोपाले मधेश प्रदेशको आठ जिल्लामा मात्रै स्थानीय चुनावमा उम्मेद्वारी दिन्छ ?**
– बिल्कुल। किनकि समय अभावको कारणले अन्य जिल्लाहरुमा हामीले पार्टी दर्ता गराउन सकेका छैनौं। नत्र अन्य प्रदेशमा पनि हामी स्थानीय निर्वाचनका लागि दल दर्ता गराउन सक्थ्यौं। भर्खरै हामीले निर्माण गरेकोले अन्य प्रदेशहरुमा हाम्रो गतिविधिहरु त्यति हुन सकेको छैन। हाम्रो पार्टीप्रति आस्था राख्ने अन्य प्रदेशका कोही स्वतन्त्ररुपमा लड्नुहुन्छ भने हामी प्रयास गर्छौं।

**० तमलोपाको चुनावी एजेण्डा के हो त ?**
– हामी अहिले आफ्ना चुनावी घोषणापत्र बनाउने क्रममा छौं। हामीले प्रदेश र जिल्लास्तरीय घोषणापत्र बनाउँदै छौं। स्थानीय निकायलाई वास्तवमा कसरी स्वायत्त बनाउने विषयमा हाम्रो सरोकार छ। संविधानमा स्थानीय निकायलाई धेरै अधिकारहरु दिइएको छ। तर, व्यावहारिक रुपमा प्रतिनिधिहरुले पाउन सकेका छैनन्। स्थानीय तहको आफ्नो अधिकार के छ त वा प्रदेश र संघीय सरकारसँगको सम्बन्ध कति पारदर्शी छ, त्यसमा कसले कस्तो भूमिका निर्वाह गरिरहेको छ ? ती कुराहरु पनि स्पष्ट हुँदै जानुपर्छ। यसका लागि निरन्तर काम गर्नुपर्छ। भ्रष्टाचारमुक्त समाज कसरी हुन्छ भन्ने तर्फ पनि हाम्रो ध्यान छ। सबैले भन्छन् कि भ्रष्टाचारमा शून्य सहनशीलता हुनुपर्छ तर भ्रष्टाचार त्यतिकै बढेको छ। त्यसप्रति हामी चिन्तित छौं। त्यसपछि स्वायत्तता र सम्मानका मुद्दा जो मधेशको मुद्दा हो, त्यसलाई कसरी हामी आफ्नो नीतिमा लागू गर्छौं, त्यो हाम्रो प्राथमिकतामा हुन्छ।

**० चुनावको मुखमै पार्टी गठन गर्नुभएको छ, कतिको चुनौती देख्नुहुन्छ ?**
– निश्चित रुपमा चुनौतीपूर्ण त छँदैछ तर विश्वास पनि छ। किनकि मधेश आन्दोलनको अनुभव र प्राप्त उपलब्धिबारे जनमानस द्विविधा छ। यसलाई हामीले उजागर गर्नुपर्ने हो। हामीसँग समयको पनि अभाव छ। हामीलाई विश्वास छ कि हामीले अपेक्षा गरेभन्दा बढी सफलता हासिल गर्छौं।

**० विगतको तमलोपा जस्तै यो पार्टीलाई जनतामाझ स्थापित गर्न सक्नुहुन्छ ?**
– हाम्रो राष्ट्रिय भेलामा मैले भनेको थिएँ कि यो तमलोपालाई पुनर्जीवित गर्ने कुरा मात्रै होइन, त्याभन्दा पनि अगाडिका कुराहरु छन्। तमलोपाको सेन्टिमेन्ट जो मधेश आन्दोलन, स्थानीय स्वशासन, केन्द्रमा साझेदारी, आफ्नो ठाउँमा आफ्नै राजसँग सम्बन्धित थियो ती कुराहरु आफ्नो ठाउँमा छन्। विभिन्न कालखण्डमा हामीसँग सहकार्य गरेकाहरुलाई पनि हामीले आह्वान गरेका छौं कि जसले मधेशलाई पहिचान दिएको छ, जसले राजनीतिमा संघीयतालाई स्थापित गराएको छ, जुन आन्दोलनको कारण आज नेपालमा संघीय स्वरुप रहेको छ त्यो शक्तिलाई कायमै राख्नुपर्छ। मधेश आन्दोलन समाप्त भइसक्यो, अब यसको आवश्यकता र औचित्य छैन भन्ने खालका जुन भावना दिइरहेका छन्, त्यसको विरुद्धमा आन्दोलनकारी शक्तिहरु एक ठाउँमा जुटौं। तमलोपालाई जनताले पहिले पनि विश्वास गरेको थियो। हामीलाई विश्वास छ कि जब हामी यो मुद्दालाई लिएर जनतामाझ जान्छौं अनि सम्पूर्ण सहयोगा प्राप्त हुन्छ।

**० तमलोपाले सुरुवाती अवस्थामा सत्ता होइन प्रभु सत्ता अचाहियो भन्ने नारा दिएको थियो, त्यो आज पनि छ ?**
– बिल्कुल। त्यसैलाई हामीले स्थानीयअतहलाई स्वायत्तताको कुरा गरेकाअहौं। त्यो बेलाअमहन्थ ठाकुरजी नेपालीअकांग्रेसबाट सम्बन्ध विच्छेद गरेर त्यो मुद्दाका लागि आउनुभएको थियो। हामी पनि अहिले पदका लागि तमलोपालाई पुनर्जीवित गरेका होइनौं। हामी गठबन्धन गर्न वा सरकारमा प्रवेश पाउन तमलोपा स्थापित गरेका छैनौं। तर, मधेशको मुद्दा, आत्मसम्मान, पहिचान, स्वायत्तता, प्रभुसत्तालगायतका कुरा प्रतिहामी प्रतिबद्ध छौं। अर्को कुरा, आन्दोलनताका केन्द्रीय नेतृत्वले जे निर्णय गर्‍यो, त्यो कुरा सबैले स्वीकार गर्‍यो। जब चुनावको बेला आयो, हामी राजपामा थियौं। त्यतिबेला भनेका थियौं कि हामी अहिले चुनावमा जानु हुँदैन, कम्ती एक चुनाव बहिष्कार गरेर मुद्दाका लागि बल पुर्‍याउनु पर्‍यो। पछि त्यस्तो परिस्थिति सिर्जना भयो र हामी प्रदेश २ मा चुनावमा जानु पर्‍यो। त्यो बेला हामीले भनेका थियौं कि चुनावमा जानुको मतलब सत्तामा गएर मुद्दालाई बिर्सिनु हुँदैन। त्यो बेलामा नेतृत्व पंक्तिको प्रतिबद्धता थियो कि सडक र सदन सबै ठाउँमा हामी संघर्ष गर्छौं। तर यो पाँचवर्षमा सडकमा कहीँ पनि संघर्ष देखिएन। कुनै राजनीतिक गतिविधि भएन, कार्यकर्ताहरुसँग सम्वाद भएन। त्यो सबैको परिणति हो कि अहिले तमलोपा पुनर्जीवित भएको हो। तमलोपाले अनवरत रुपमा मधेश आन्दोलनका मुद्दाहरु उठाइरहन्छ। मधेश आन्दोलनले राजनीतिलाई नयाँ ढंगले परिभाषित गरेको छ। मधेश आन्दोलनले मात्रै मधेशको मुद्दा उठाएको छैन, नेपालका सम्पूर्ण उत्पीडित, शोषित जनताको माग उठाएको हो। मधेश आन्दोलन कमजोर भयो भने संघीयता पनि कमजोर हुन्छ। हामी त्यही गरिरहेका छौं। त्यसैले तमलोपाको आवश्यकता मधेश र देशमा छ।

**० यो स्थानीय चुनावमा तमलोपाले कसैसँग चुनावी तालमेल पनि गर्छ ?**
– हामी नयाँ दलको रुपमा गतिविधिहरु अगाडि बढाइरहेका छौं। आसन्न स्थानीय चुनावमा सहकार्य वा तालमेलबारे कुनै कुरा पनि भएको छैन। हामीले स्थानीय स्वायत्ततालाई प्राथमिकता दिएर चुनावमा जान्छौं। हाम्रो आफ्नो नीति र सिद्धान्त हुन्छ। त्यसमा यदि कोही निष्पक्षरुपमा सहकार्य गर्न आउँछ भने हामी स्वागत गर्छौं। तर सहकार्य वा गठबन्धनबारे हामीले अहिलेसम्म संस्थागत निर्णय गरिसकेका छैनौं। नेपाललाई दुई दलीय प्रणालीमा लिएर जाने प्रयास भइरहेको छ। हामी त्यसको विरोधी छौं। अधिकार आन्दोलनका लागि दुई दलीय प्रणाली हुनु अत्यन्तै निराशाजनक छ। हामीले मधेशमा तमलोपा क्षेत्रीय पार्टीको रुपमा स्थापित गर्न चाहन्छौं। मधेशमा क्षेत्रीय पार्टीको रुपमा तमलोपा स्थापित होस् र काठमाडौंमा पनि आफ्नो हिस्सेदारी लेओस्। त्यसैले हामीले ठूला पार्टीहरुको पछाडि लाग्ने पक्षमा छैनौं। हामी एउटा स्वतन्त्र अस्तित्व सहितको क्षेत्रीय पार्टीको रुपमा स्थापित हुन चाहन्छौं।

**० विगतमा तमलोपाबाट राजपा, जसपा र लोसपा बनाउनुभयो, ती सबैको ध्येय नेपालमा वैकल्पिक राजनीतिक शक्ति निर्माण गर्ने थियो। तमलोपा वैकल्पिक शक्ति बन्ने अभियानमा लाग्दैन ?**
– सत्ताका लागि हामी वैकल्पिक शक्ति बनाउन चाहँदैनौं। राजनीतिक विकल्पको रुपमा हामी अगाडि बढ्न चाहन्छौं। हामी ठूला दलहरुको पछाडि-पछाडि हिंड्ने पार्टी बनाउन चाहेका छैनौं।

# गिरोहरूले मधेशको अधिकारलाई संस्थागत गर्न सक्दैन

**असल सुशासनबाट मधेशको एउटा नेतृत्व आओस् जसले एउटा व्यवस्थित मधेशको परिकल्पना गरोस् भन्ने कुनै दल छैन। अहिले जति पनि मधेशमा दलहरु छन्, यिनीहरु मधेशको नाउँमा भावनालाई व्यापारीकरण गर्नुको अलावा अरु केही पनि गर्न सक्दैन।**



## अधिवक्ता विकास ठाकुर
**संयोजक, तराई–मधेश राष्ट्रिय परिषद्**

**० स्थानीय चुनावको मुखमा तराई-मधेश राष्ट्रिय परिषद् (टीएमएनसी)ले प्रथम राष्ट्रिय भेलाको आयोजना गर्दैछ, के छ उद्देश्य ?**
– यो आसन्न स्थानीय चुनावलाई नै केन्द्रित गरेर हामीले भेला गर्न लागेको होइन। यसअघि पनि भेला गर्ने मिति तय गरेका थियौं तर कोभिडको कारणले दुई वर्ष भेला गर्ने अवस्था भएन। हामीले आगामी चैत १८ र १९ काठमाडौंमा प्रथम भेलाको आयोजना गर्न लागेका छौं। स्थानीय चुनावको मुखमा पर्न गएको यो एउटा संयोग मात्रै हो।

**० आगामी चुनावहरुबारे पनि भेलामा बहस हुन्छ कि ?**
– यो चुनावलाई हामीले रणनीतिक हिसावले हेरेका छैनौं। यो चुनावले गिरोहहरुको स्वार्थलाई फेरि पनि पुष्टि गर्छ। नीतिगतविहीनताका नेतृत्वहरु चुनिन्छ। बहुराष्ट्रियता हाम्रो ठोस एजेण्डा हो। मधेशलाई हामीले एउटा राष्ट्रको रुपमा मान्छौं। एउटा राष्ट्रभित्र धेरै राष्ट्रियताहरु हुनसक्छ। मधेश पनि बहुराष्ट्रिय राज्य हो भनेर संविधानले पनि भनेको छ। किनभने हाम्रो फरक पहिचान र अस्तित्व छ। हामीले फरक पहिचान र अस्तित्वसहितको राज्य खोजेका हौं। त्यो बहुराष्ट्रियताको सवालमा अहिले चुनिएर आउने नेतृत्वहरुलाई केही ज्ञान नै छैन।

**० मधेशकेन्द्रित शक्तिहरुलाई आगामी निर्वाचनमा जिताउनका लागि माहोल बनाउने तपाईंहरुको दायित्व होइन ?**
– हाम्रो दायित्व भनेको मधेशका शक्तिहरुलाई पहिचान गर्ने, सहयोग गर्ने तर कस्तो शक्तिलाई सहयोग गर्ने भन्ने अर्को प्रश्न खडा हुन्छ। हामीले मधेशको सम्मान, स्वाभिमान, पहिचानका लागि जुन शक्तिले काम गर्छ त्यसलाई सहयोग गर्न कुनै किन्तु-परन्तु रहने छैन। तर मधेशको नाममा आफ्नो पक्षपोषण गर्ने, गिरोह चलाउनेलाई सहयोग गरियो भने त्यो मधेशको पक्षमा हुन्छ कि कुनै व्यक्तिको पक्षमा ? हामी गिरोहका लागि काम गर्ने होइन, मधेशको लागि काम गर्ने हो। मधेशको पक्षमा काम गर्ने दलहरुलाई निरन्तर आठ वर्षदेखि सहयोग गर्दै आयौं। तर हामीलाई महसुस भयो कि त्यो सहयोगको कुनै अर्थ रहेन र परिणाम पनि आएन। त्यसैले दरिद्रताबिनाको परिपक्कता कुनै समाजमा सम्भव छैन। जबसम्म मान्छेमा दरिद्रता आउँदैन, तबसम्म उसले सम्भावनाको खोजी गर्दैन। हामी चाहन्छौं कि समाजमा जुन दरिद्रता छ त्यसको पहिचान समाजले गरोस्। त्यसका लागि ती दलहरु चुनावमा जित्दैमा वा हार्दैमा कुनै फरक पर्दैन।

**० टीएमएनसीको राष्ट्रिय भेलाका एजेण्डाहरु के-के छन् ?**
– मधेशमा अहिले राजनीतिक वृत्तमा एजेण्डा र विचारविहीनताको जुन अवस्था देखिएको छ, त्यसमा कसरी एउटा ठोस नीति निर्माण गर्न सकिन्छ, कसरी मधेशका माग र एजेण्डाहरु सम्बोधन गराउन सकिन्छ भन्ने विषयमा केन्द्रित रहेर एउटा संश्लेषण भेलाबाट निकाल्छौं। यस्तै यो भेलाबाट हामीले एउटा नयाँ टिमको पनि परिकल्पना गरेका छौं। त्यो टिमले यो उद्देश्य लिएर विचारको राजनीतिलाई कसरी संस्थागत गर्न सकिन्छ त्यो डिस्कोर्ष र न्यारेटिभलाई अगाडि बढाउन हामीले यो भेला आयोजना गर्न लागेका छौं।

**० मधेशको राजनीतिक वृत्तमा एजेण्डा र विचारविहीनताको अवस्था छ भनेर कसरी भन्नुहुन्छ ?**
– निश्चितरुपमा मधेशमा विभिन्न दलहरु छन् तर त्यसले विचार, नीति र कार्यशैली के छ भन्ने मुख्य कुरा हो। गिरोहलाई पनि दलको संज्ञा दिन सकिन्छ। हामी दल र दलका नेताको पक्षधर होइन कि त्यो पार्टीको विचार, सिद्धान्त, नीति, एजेण्डा के हो ? नीतिसँग कार्यकर्ताको झुकाव हुन्छ। त्यो नीति र वैचारिक धरातलमा कार्यकर्ताले आफ्नो भविष्य र मार्ग प्रशस्त गर्छ। जुन नीतिमा मधेश अटाउँदैन, जुन नीतिमा पार्टीहरुलाई मधेश शब्दसँग एलर्जी छ, मधेशीको पीडा देखिँदैन भने एजेण्डा र विचारविहीनता नै भन्ने हो। मधेशी नेतृत्वबाटै मधेशी सेन्टिमेन्टलाई चिरा-चिरा पारिएको छ। यी दलहरु संसदमा हुनु वा नहुनुको कुनै औचित्य छैन। हामीलाई यस्तो नेतृत्व चाहिएको छ जसले समाजमा प्रगतिको लागि काम गरोस्। प्रगतिको बहुआयामिक रुप हुन्छ। असल सुशासनबाट मधेशको एउटा नेतृत्व आओस् जसले एउटा व्यवस्थित मधेशको परिकल्पना गरोस् भन्ने कुनै दल छैन। अहिले जति पनि मधेशमा दलहरु छन्, यिनीहरु मधेशको नाउँमा भावनालाई व्यापारीकरण गर्नुको अलावा अरु केही पनि गर्न सक्दैन।

**० भनेपछि अहिलेका दलहरुले मधेशको भावनालाई प्रतिनिधित्व गर्दैन ?**
– बिल्कुल गर्दैन। यी दलहरुको विगत र वर्तमान दुवै परिस्थितिलाई मूल्यांकन गर्ने हो भने यी दलहरुले ल्याइदिएका के-के कुराहरु छन् त्यसलाई हेर्नुपर्छ। यी दलहरुको नेतृत्व, विचार असफल भइसक्यो र सिद्धान्तविहीनताको अवस्थामा ती दल होइन, गिरोह हो। ती गिरोहरुले मधेशको अधिकारलाई संस्थागत गर्न सक्दैन र आउने पुस्ताका लागि पनि नयाँ मधेश निर्माण गर्न सक्दैन।

**० संसदमा रहेका मधेशकेन्द्रित दलहरुले मधेशको एजेण्डा पूरा गराउन सक्दैन भने अहिले डा.सीके राउतको पनि पार्टी आइरहेको छ नि ?**
– पूरानै बोत्तलमा नयाँ लेवल लगाउनुको कुनै अर्थ रहँदैन। त्यस्तै, यी दलहरुले स्थायी सत्ताभन्दा पनि सरकारभित्र आफ्नो स्पेस खोजेको छ, त्यो स्पेसमा पनि मेरो साझेदारी हुनुपर्छ भन्ने मनसायले मात्र कुनै नयाँ वा पूराना दल आउँछ भने त्यसले पूर्णता दिन सक्दैन। त्यो दलले विचारको राजनीति गर्न सक्दैन र भोलिको भविष्यलाई पनि निर्धारण गर्न सक्दैन भन्ने हाम्रो ठोस ठम्याइँ छ। त्यसैले विचारविहीनताको अवस्थामा जुनसुकै दल वा गिरोह होस् उसले समस्याको समाधान दिन सक्दैन।

**० भनेपछि डा.सीके राउतको पार्टी पनि ती दलभन्दा फरक छैन ?**
– एप्रोच हेर्दा एउटै देखिन्छ। यिनीहरुको भागिदारीभित्र हाम्रो भागिदारी हुनुपर्छ न कि विचार लिएर विकल्प दिनुपर्छ भन्ने एप्रोच देखिन्छ। विकल्पका लागि ठोस नीतिगत आधार हुनुपर्छ, त्यो प्रमाणित आधार हुनुपर्छ। भनेपछि ती दलहरुको विचार, नीति र नीतिसँग पारस्परिक जुन सम्बन्ध हुन्छ त्यो नीतिबाट नेतृत्व जन्मेकै छैन। त्यो त के छ भने एक्सिडेन्टले नेतृत्व जन्मियो, त्यो एक्सिडेन्टले अर्को एक्सिडेन्ट गर्छ भन्ने निश्चित छ।

**० सरकारमा साझेदारीका लागि मात्रै मधेशमा दलहरु जन्मिए ?**
– चुनाव विज्ञानमा जानुहुन्छ भने त्यसमा सधैंभरि डमोक्रेसीले विकल्प दिन सक्दैन। त्यसमा पनि हामी लिवरल डेमोक्रेसीको कुरा गर्छौं भने त्यसले फाँसिजम र त्यसमा पनि क्रोनि क्याप्टाजिमको एप्रोच जन्मायो। यो देशमा त्यसले नेतृत्वलाई सहज वातावरण बनाएन। हाम्रो नेतृत्व क्रोनि क्याप्टालिजममा फँसेको छ। हाम्रो अर्गेनिक निड कुन सिद्धान्तबाट स्थापित हुन्छ भन्ने कुरा ज्ञान नभएको अवस्थामा दिशाविहीनताको अवस्था छ। यस्तै, मधेशीलाई ठग्दै आफ्नो स्वार्थ पूरा गर्ने होडबाजी छ। यसले मधेशलाई कल्याण गर्नेवाला छैन।

**० मधेशमा राजनीतिक दिशाविहीनताको अवस्था छ भने टीएमएनसी किन अगाडि आउँदैन ?**
– हामीले यसअघि नै टीएमएनसीलाई राजनीतिक दलको रुपमा अगाडि बढाउने निर्णय गरेका थियौं, त्यो बेलाको राजनीतिक परिस्थिति अर्कै थियो। त्यसपछि राजनीतिक परिस्थिति परिवर्तन हुँदै गयो। त्यसपछि हामीले संश्लेषण गरेर निष्कर्ष निकाल्यौं कि अहिले नै राजनीतिक दलको रुपमा आउँदा केही हतार हुन्छ। अहिले हामी राजनीतिक विचारको राजनीतिलाई अगाडि बढाउनुपर्छ। टीएमएनसी स्वतन्त्र राजनीतिक संगठनको रुपमा काम गरिरहने र यसबाट उत्पादन भएका नेतृत्वहरुले अर्को दलको निर्माण गर्ने कुरा थियो। टीएमएनसीले विचार सम्पन्नता र संश्लेषणसहितको विकल्प निर्माण गर्न लागेको छ। त्यो विकल्प वर्तमान अवस्थासँग सुहाउँदो वातावरणको खोज तलाश गर्दछ। हामीले 'आइडिया अफ मधेश'को खाका तयार गरिसकेका छौं। मधेशबिना देशको परिकल्पना गर्न सक्दैन र देशबिना मधेशको परिकल्पना गर्न सक्दैन भन्ने नीतिलाई अंगीकार गर्ने र समाजमा लिएर जाने हाम्रो अभियान हो। जसले उज्ज्वल मधेश र समृद्ध देशको निर्माण गर्न सकोस्।

**० टीएमएनसी राजनीतिक दलको रुपमा आउन सक्छ ?**
– टीएमएनसी दलको रुपमा कहिल्यै पनि राजनीति दलको रुपमा आउँदैन भन्ने निष्कर्ष धेरै पहिला नै निकालिसकेका छौं। तर टीएमएनसीबाट प्रशिक्षित जुन क्याडरहरु हुन्छन्, उहाँहरुले पार्टी निर्माण गर्न सक्नुहुन्छ।

# कसलाई दिने भोट ?



**ललित कुमार यादव**

आफ्नो प्रतिनिधि छनोट गर्नका लागि मतदान अधिकृतले सहिछाप गरेको मतपत्रमा मतसङ्केत गरी (छाप लगाई) तोकिएको मतपेटिकामा मतपत्र खसाउने कामलाई मतदान भनिन्छ। मतदाताले आफुलाई मनपरेको उम्मेदवार वा राजनीतिक दललाई भोट दिनु भनेकै मतदाताको अधिकार हो। मतदाताको यस अधिकारलाई बालिग मताधिकार भनिन्छ। यो नागरिक अधिकार पनि हो।लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुने पहिलो पाईला भनेकै मतदान गर्नु हो। मताधिकार भएका कुनै एक नागरिकले मतदान नगरेकै कारण असल प्रतिनिधि हार्न सक्छ। असल प्रतिनिधि चयन गर्न मताधिकार भएका हरेक नागरिकले मतदान गर्न जरुरी हुन्छ। सबैले मतदान गर्दैमा असल प्रतिनिधि छनौट हुने कुरालाई सनिश्चित गर्दैन। बहुमत मतदाताले मतदान गर्दैमा असल प्रतिनिधिको छनौट हुने होइन। कसलाई दिने भोट ? यो कुरा सबभन्दा महत्वपूर्ण हुन्छ।

हामी अधिकांश मतदाताको विचारमा त्यस्तो व्यक्तिलाई भोट दिनुपर्छ जसलाई परेको बेला फोन गर्न सकियोस्, परेको समयमा सरकारी वा सामुदायिक काम गरिदेओस्, भविष्यमा आर्थिक लाभ पनि दिलाओस्। मतदातामा यस्तै विचार रहेका कारण अधिकांश उम्मेदवारहरुले पनि भोट माग्दा यस्तै आश्वासन समेत बाँड्ने गर्छन्। सबैलाई कानूनी राज्य चाहिन्छ, सुशासन र विकास पनि चाहिन्छ। तर, भोट देशका लागि काम गर्ने मान्छेलाई होइन, आफ्ना लागि काम गरिदिने मान्छेलाई दिने विचार छ। नियमविपरीत गएर पनि काम गरिदेओस्, त्यस्ता विचारका साथ भोट हाल्ने सम्पूर्ण जनताहरु देश बिग्रनुमा दोषी हुन्। तसर्थ आफूलाई व्यक्तिगत फाइदा दिने होइन देशहितमा काम (सम्पूर्ण नागरिकको हित) गर्ने प्रतिनिधि चाहिएको, यथार्थ आम नेपाली मतदाताले बुझ्न जरुरी छ।

देशहितमा काम गर्ने भनेको विकास गर्ने जस्तो पनि लाग्छ। त्यसो भए के विकास निर्माणको काम गर्ने व्यक्तिलाई भोट दिने हो त ? वास्तवमा जनताको सम्पूर्ण अधिकार विकास निर्माण मात्र होइन। विकास निर्माण एउटा आवश्यकता मात्र हो, आफैमा सम्पूर्ण आवश्यकता चाँहि होइन। विकास हुँदैमा जनताले सम्पूर्ण अधिकार प्राप्त गर्ने होइन। बरु जनताले अधिकार प्राप्त गरेमा विकास हुन सक्छ। सबै व्यक्तिले बाच्न पाउने अधिकार, सामूहिक हित हेर्ने अधिकार, सम्पत्तिको अधिकार, बोल्न र विचार व्यक्त गर्न पाउने अधिकार पाउनु पर्छ। यी अधिकारमा सबैको पहुँच भयो भने बल्ल कानूनी राज्य र सुशासन हुन्छ। कानूनी राज्य र सुशासनले विकास ल्याउँछ तर, विकासले कानूनी राज्य र सुशासनको आधार तयार गर्न सक्दैन। तसर्थ मतदाताले आफ्नो व्यक्तिगत हित गर्ने प्रतिनिधि खोज्न नहुने मात्र होइन विकास मात्र गर्ने प्रतिनिधि पनि खोज्नु हुँदैन।

लोकतन्त्रमा आवधिक निर्वाचन हुन्छ। स्वतन्त्र र निष्पक्ष मतदानले राज्य व्यवस्थामा नागरिकको सहभागिता, सम्मान र संरक्षणको सुनिश्चितता गर्छन्। यदि मतदाताले असल प्रतिनिधि छान्न सक्यो भने कानुनी शासनको अवलम्बन हुन्छ। नभए कानुनको शासनको अवलम्बन हुन्छ। कानूनी शासनका लागि परिपक्व राजनीतिक संस्कारको विकास हुन जरुरी छ। प्रतिनिधिमूलक उत्तरदायी सरकारका माध्यमबाट सार्बजनिक सेवामा निष्पक्षता, तटस्थता, सवलता, पारदर्शिता र सबैको पहुँचको अवलम्बन हुन्छ। यसका लागि नागरिकद्वारा निश्चित समयमा मतदान गरी निर्वाचित प्रतिनिधि पठाउनुपर्ने हुन्छ। यसले सार्वजनिक नीति निर्माण गर्ने र शासन सञ्चालन गर्ने गर्छन्। त्यसैले मतदाताले लोकतन्त्रलाई बलियो र परिपक्व बनाउन सक्ने प्रतिनिधिको छनौट गर्न सक्नु पर्छ। विधिको शासनमा विश्वास गर्ने उम्मेदवार प्रतिनिधिको रुपमा चयन हुनु पर्छ।

निर्वाचन अत्यन्त खर्चिलो बन्दै गएको छ।निर्वाचन आयोगले निर्धारण गरेको खर्चले उम्मेदवार चुनाव जित्न सक्दैन। चुनाव जित्न उम्मेदवारहरुले निर्वाचन आयोगले निर्धारण गरेको भन्दा धेरै गुणा बढी रकम खर्च गर्ने गर्छन्। उम्मेदवारबीच खर्च गर्ने प्रतिस्पर्धा नै चल्ने गर्छ। मानौ कि जसले बढी खर्च गर्‍यो उसले नै चुनाव जित्ने जस्तो। अधिकांश उम्मेदवारले चुनाव जित्न अत्यन्तै बढी रकम खर्चिनु पर्ने हुन्छ। एक आध ठाउँमा मात्र उम्मेदवारले आफ्नो ब्यक्तित्वको कारणले चुनाव जित्ने गर्छ। निर्वाचनमा अरु खर्च भन्दा खाजा, खाना, मासु, रक्सी र वियरमा बढी खर्च हुने गर्छ। केही ठाउँमा नगद दिएर मत खरिद गर्ने काम पनि हुने गर्छ। थोरै रकमको लोभमा मतदाताले पनि आफ्नो मत विक्री गर्ने गर्छन्। यी कार्यहरु कानुनी शासन विपरित भए पनि हुने गरेको सुनिन्छ। यसले लोकतन्त्रलाई नै कमजोर बनाउने काम गर्छ। मतदाताले आफ्नो एक मतको महत्व थाहा नपाएकै कारण मत बेच्ने र उम्मेदवारले खरिद गर्ने गर्छन्।

योग्य एवं असल प्रतिनिधिको छनौट गर्नु निर्वाचनको मूल मर्म हो। निर्वाचनमा आफूलाई योग्य साबित गर्न उम्मेदवारहरुले साम, दाम, दण्ड र भेदको प्रयोग गर्न कुनै कसर बाँकी राख्दैन्। जुन उम्मेदवारले यी चार नीतिको सफल प्रयोग गर्न सक्छ, त्यसैले निर्वाचनमा सफलता हासिल गर्ने गर्छ। दलहरुले पनि यस्ता व्यक्तिलाई मात्र टिकट दिने नीति नै बनाए जस्तो छ। पैसावाला बाहेक अरु दलको रोजाईमा पनि पर्दैनन्। पैसा छैन भने पार्टीमा जति त्याग, बलिदान र समर्पण भए पनि टिकट पाउन मश्किल छ। व्यक्ति योग्य भए पनि चुनाव जित्न पैसाकै योग्यता चाहिन्छ। राजनीति र निर्वाचनमा देखिएका यस्तै विकृतिका कारण इमन्दार राजनीतिज्ञ राजनीति नै छोड्न बाध्य भएका छन्। गरिब, बिपन्न र दलितहरुले उम्मेदवार भएर चुनाव जित्ने आँट गर्ने कुरै छोडौं, उम्मेदवार हुने आँटसम्म गर्न सक्ने अवस्था छैन। यसले इमन्दार राजनीतिज्ञलाई राजनीतिबाट विस्थापित गर्ने, पैसावालाहरु र अपराधिक पृष्ठभूमिका व्यक्तिहरुलाई राजनीतिमा स्थापित गर्ने काम गरेको छ।

चुनाव जित्न उम्मेदवारले लगानी लगाउनु पर्छ। लगानी लगाई सकेपछि प्रतिफलको आश गर्नु स्वभाविक नै हो। नगद नै लगानी लगाई सकेपछि , आफ्नो लगानी उठाउन खोज्नु, पनि स्वाभाविक नै हो। लगानी उठाएर अगामी चुनावको लागि खर्चको जोहो पनि गर्नै पर्ने हुन्छ। किनकि ५ बर्षपछि फेरि चुनावमा जानु पर्छ र चुनाव जित्न खर्च गर्नै पर्ने सोच उसमा हुन्छ। चुनाव जितिसकेपछि उसमा कसरी आफुले खर्च गरेको रकम उठाउने र शक्तिशाली बन्ने सोच आउँछ। लगानी उठाउन भ्रष्टाचार गर्ने, ठेक्का पट्टाको काम आफू निकटको ब्यक्तीलाई नियम विपरित दिने र आर्थिक लाभ लिने। उसले आफ्ना मतदाताको समस्यालाई नजरअन्दाज गर्छ। त्यति बेला उसले मतदाताको मत लिन आफुले गर्नु परेको खर्चलाई सम्झिन्छ। आफूले गरेको खर्चको अगाडी मतदाताको समस्या केही होइन जस्तै उसलाई लाग्छ। साथै आफुले मत खरिद गरेर चुनाव जितेको घमण्ड उसमा हुन्छ। उसमा यो घमण्ड पैदा हुनु स्वभाविक पनि हो। मतदाताले पनि उससँग आँखा जुधाएर बोल्न सक्ने अवस्था हुँदैन। किनकी कसैले केही सय नगद लिएर, कसैले रक्सी, वियर र मासु खाएर, कसैले नियमविपरितको काम लिने आशमा मतदान गरेका हुन्छन्। निष्पक्ष मतदान गर्ने मतदाता थोरै मात्र हुन्छन्। उनीहरुको कुरा सुन्नने कुरै भएन। यसरी मतदाताहरु सानो सानो लोभको कारण आफ्नो मत बेचेर पाँच बर्षसम्म चुप चाप बस्न बाद्य हुन्छन्।

हामी आम मतदाताले जो जिते पनि उस्तै हो भनेर सोच्ने गर्छौं। मतदाताको यही सोचको कारण चुनावमा आर्थिक चलखेल हुने गर्छ।चुनावको बेला मतदाताले बेला यही हो, नेतासँग लाभ लिनु पर्छ भनेर सोच्ने र नेताले खर्च गरेर भएपनि चुनाव जित्नु पर्छ भनेर सोच्ने गरेका कारण चुनाव खर्चिलो बन्दै गएको छ। जुन दिन मतदाताले इमन्दार र लोकतन्त्र प्रति पूर्ण आस्था राख्ने राजनीतिज्ञलाई मात्र मतदान गर्ने सोचको विकास गर्छ, त्यो दिन मात्र गरिबले पनि चुनाव जित्ने अजस्था आउँछ। हामीबिचकै व्यक्ति उम्मेदवार हुने भएकोले पनि हाम्रो लागि र समाजको लागि को उपयुक्त प्रतिनिधि हुन सक्छ भनेर छुट्याउन कुनै गाह्रो छैन। हाम्रो र सामाजको लागि उपयूक्त व्यक्तिलाई दलहरुले उम्मेदवार नबनाए पनि त्यस्ता ब्यक्तीलाई हामी आफैले पनि उम्मेदवार बनाएर सजिलै निर्वाचित गर्न सक्छौं। केवल हामी साना तिना लोभमा फस्नु हुँदैन। बढ्दो खर्चिलो निर्वाचनले मध्यम वर्गलाई समेत राजनीतिमा आउने बाटो रोक्ने सम्भवना बढेको छ। यसले आर्थिक रुपमा सबललाई मात्रै राजनीतिमा आउने बाटो खुल्ला राख्ने डरलाग्दो संकेत देखिएको छ।

अहिले दलहरु घोषणापत्रको आधारमा होइन, आफ्ना उम्मेदवारको खर्च गर्ने क्षमताको आधारमा चुनाव लडने गरेका छन्। दलहरुले आफुलाई भोट दिने कारणको चर्चा गर्दैनन्, बरु प्रतिस्पर्धिलाई भोट नदिनुको कारणको चर्चा गर्ने गरेका छन्। दल र नेताहरु आफ्ना एजिण्डा लिएर मतदाताबिच जानुपर्नेमा, शिर्ष र राम्रा मानिएका नेताहरु नै एकले आर्काको खिल्ली उडाउने र देखाई दिने खालका अभिव्यक्ति दिने गरेका छन्। शीर्ष नेताहरुले नै गरेका दावी र अभिब्यक्तीमा कुनै सत्यता पाईदैन्। सस्तो लोकप्रियता र मतदातालाई झक्याउन का लागि मात्रै नेताहरुको यस्ता अभिव्यक्ति दिने गरेका छन्। जसले शीर्ष नेताहरुमै राजनीतिक संस्कार हराउँदै गएको संकेत गर्दछ। राजनीतिक दलहरुले मतदाताहरुलाई राजनीतिक चेतना दिने, राजनीतिक संस्कार सिकाउने र आफ्ना एजेण्डाको आधारमा भोट माग्नु पर्ने हो। तर राजनीतिक दल त तिनका नेताहरुले बाटो बिराइसकेका छन्। त्यसैले अब जनताहरुले दल र दलका नेताहरुलाई सही बाटोमा ल्याउनै पर्ने अवस्था आएको छ। यसको लागि मतदाताहरुले निष्पक्ष रुपमा कानूनी शासनमा पूर्ण विश्वस्त र प्रतिब्ध उम्मेदरलाई दिने भोट। कानूनको शासनमा विश्वास गर्ने उम्मेदवारलाई कुनै हालतमा दिनु हुँदैन भोट।

## मधेश अपडेट

### हैसियत अनुसार मन्त्रालय चाहिन्छ : प्रचण्ड

जनकपुरधाम। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)ले मन्त्री मन्त्रिपरिषद्मा हेरफेर भएमा हैसियतअनुसार मन्त्रालय माग गरेका छन्। मंगलबार जनकपुरधाममा पत्रकारहरुसँग कुरा गर्दै प्रचण्डले अहिले मन्त्रिपरिषद्मा हेरफेरबारे छलफल भइरहेको बताउँदै अब माओवादी केन्द्रलाई हैसियत अनुसारको मन्त्रालय चाहिएको बताए। उनले मन्त्रिपरिषदमा हेरफेरको कुरा चलेको तर अहिलेसम्म औपचारिक रुपमा टुंगो नलागेको बताए। उनले भने, 'केही मन्त्रालय हेरफेर हुने सम्भावना छ, केही नयाँ आउने सम्भावना छ।' उनले नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी) लाई धेरै मन्त्रालय दिएर सहयोग गरेको जिकिर गरेका छन्। साथै उनले लोकतान्त्रिक समाजवादी पार्टी नेपाललाई सरकारमा ल्याउने बारे प्रधानमन्त्रीसँग कुनै छलफल नभएको समेत बताए।

### 'समानुपातिक समावेशी निर्वाचन प्रणाली आवश्यक'

वीरगंज। जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले समानुपातिक समावेशी निर्वाचन प्रणाली आवश्यक रहेको बताएका छन्। उनले वर्तमान निर्वाचन प्रणाली महँगो भएकोले यसलाई बदल्नुपर्ने कुरामा जोड दिएका छन्। जसपा नेपाल पर्साद्वारा सोमबार वीरगन्जमा आयोजित वृहत् पार्टी प्रवेश कार्यक्रममा अध्यक्ष यादवले यस्तो कुरा बताएका हुन्। उनले संविधानलाई संशोधन गर्दै आवश्यक परे पुनर्लेखनसमेत गरेर सबैको पहिचानसँगै समानुपातिक साझेदारीको ग्यारेन्टी हुनुपर्ने बताए। उनले मुलुकको स्थायित्व र विकासका लागि समानुपातिक समावेशी निर्वाचन प्रणाली आवश्यक रहेको बताउँदै दुई तिहाइको सरकार पनि टिक्न नसकेको अवस्थामा शासकीय निर्वाचन प्रणालीलाई परिवर्तन गर्नुपर्ने कुरामा जोड दिए।

### सबै निर्वाचनमा गठबन्धन हुनुपर्छ : गच्छदार

विराटनगर। नेपाली कांग्रेसका नेता विजयकुमार गच्छदारले वर्तमान गठबन्धन स्थानीय तहका साथै प्रदेश र संसदको निर्वाचनसम्म जानुपर्ने बताएका छन्। विराटनगर विमानस्थलमा बुधबार सञ्चारकर्मीहरूसँग कुरा गर्दै निर्वाचनका लागि गठबन्धन आवश्यक रहेको बताएका हुन्। गच्छदारले भने, 'यो गठबन्धन सरकार बनाउन मात्र गरिएको होइन भन्दै संविधान क्षतविप्त र नागरिकलाई पाएको राजनीतिक उपलब्धि खोसिनबाट जोगाउन सफल भयो।' कांग्रेस र कम्युनिष्टबीच विचार र सिद्धान्त बेग्लाबेग्लै भए पनि राजनीतिक उपलब्धी प्राप्त गर्नका लागि विभिन्न कालखण्डमा एकसाथ आन्दोलन अगाडि बढेको उनले जिकिर गरे।

### ईन्जिनियर्स एसोसिएसन मधेश प्रदेशमा पण्डित

जनकपुरधाम। नेपाल इन्जिनियर्स एसोसिएशन मधेश प्रदेशको अध्यक्षमा गौरी पण्डित निर्वाचित भएका छन्। निर्वाचनमा आफ्ना निकटतम प्रतिद्वन्द्वी सिडेनका उम्मेदवार रामकिशोर यादवलाई ५२ मत अन्तरले पराजित गर्दै अध्यक्षमा पण्डित निर्वाचित भएका हुन्। पण्डितले ४०३ मत प्राप्त गरेका छन् भने यादवले ३५१ मत ल्याएको निर्वाचन समितिले जनाएको छ। त्यसैगरी उपाध्यक्षमा कार्तिकेश झा ३२४ मत प्राप्त गरी निर्वाचित भए। सचिव पदमा रामनारायण यादव ३७५, सहसचिवमा रामेश्वर यादव ४२६ र कोषाध्यक्षमा तेजनारायण यादव ४३० मत ल्याएर निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ। त्यस्तै सदस्यहरूमा नेहा कर्ण, छितेशकुमार यादव, अञ्चली ठाकुर, प्रवीणकुमार यादव, रविकुमार साह, प्रियांसुकुमार गुप्ता, सुमी मिश्रा, रीताकुमारी यादव, दीपककुमार मण्डल र बिनिताकुमारी यादव निर्वाचित भएको समितिले जनाएको छ। प्रदेशबाट केन्द्रीय सदस्यमा सञ्जयकुमार यादव निर्वाचित भएका हुन्।

### गठबन्धन विश्लेषण गर्छौं : डा.महत

नेपालगन्ज। नेपाली कांग्रेसका प्रवक्ता डा.प्रकाश शरण महतले गठबन्धन गर्दा फाइदा हुने कि नहुने कुराको विश्लेषण गर्ने बताएका छन्। नेपाल प्रेस युनियन बाँके शाखाले नेपालगन्जमा आयोजना गरेको पत्रकार सम्मेलनमा प्रवक्ता डा.महतले काँग्रेसलाई जे गर्दा फाइदा हुन्छ त्यही अनुसार निर्णय लिने बताए। उनले भने, 'हामीलाई गठबन्धन गर्दा फाइदा हुन्छ कि नगर्दा त्यो विश्लेषण गर्छौं, भावनामा बगेर मात्र भएन, हामी पार्टीलाई फाइदा हुने गरी निर्णय लिन्छौं।' साथै प्रवक्ता डा.महतले काँग्रेसले चैतभित्र उम्मेदवारहरूको टुङ्गो लगाउने बताए। उनले 'घर-घर जाऔं, कांग्रेस जिताऔं' अभियानलाई सफल बनाउन नेता कार्यकर्तालाई घर-घरमा पुग्न आह्वान गरे।

### चुनावको प्रचारमा लाग्न गृहमन्त्रीको निर्देशन

रुपन्देही। नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा गृहमन्त्री बालकृष्ण खाँणले तोकिएकै मितिमा चुनाव हुने बताउँदै प्रचारमा लाग्न पार्टीका नेता कार्यकर्तालाई निर्देशन गरेका छन्। शनिबार गृह जिल्ला रुपन्देहीको बुटवल तामनगर-फर्साटिक सडकमा निर्मित दानव नदी पुलको उद्घाटनमा उहाँले तोकिएकै मिति वैशाख ३० मा चुनाव हुने बताउँदै चुनावको प्रचारमा जुट्न पार्टीका नेता कार्यकर्तालाई निर्देशन दिए। उनले अमेरिकी सहयोग परियोजना एमसिसी नेपालको हितमा भएको उल्लेख गर्दै त्यसको पनि प्रचार गर्न आग्रह गरे। एमसिसी नेपालको विद्युत् विकासमा कोशेढुंगा साबित हुने उनले बताए। कार्यक्रममा लुम्बिनी प्रदेशका पर्यटन ग्रामीण तथा सहरी विकास मन्त्री डिल्लीबहादुर चौधरीले कोरोना महामारीका बिच पनि सरकारले विकासका काम नरोकेको बताउँदै समग्र लुम्बिनी प्रदेशको विकासको नेतृत्व लिन गृहमन्त्री खाँणलाई आग्रह गरे।

### राजेशमान सिंह जसपामा प्रवेश

वीरगन्ज। वीरगन्जका प्रभावशाली नेता राजेशमान सिंहले जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन्। लोकतान्त्रिक समाजवादी पार्टी नेपाल परित्याग गरेका सिंह नेकपा एमाले प्रवेश गर्ने तयारीमा थिए। तर वीरगन्जका मेयर एमाले प्रवेश गरेपछि सिंह जसपा रोजेका हुन्। सोमबार वीरगञ्जमा आयोजित पार्टी प्रवेश कार्यक्रममा जसपाका सङ्घीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराई, केन्द्रीय अध्यक्ष उपेन्द्र यादव, मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउत, सङ्घीय सांसद् प्रदीप यादव, प्रदेशसभा सदस्य जनत अन्सारी, अब्दुल रहिम अन्सारी (मञ्जुर अन्सारी) लगायतका नेताहरुले सिंहलाई फूलमाला लगाएर जसपा प्रवेश गराएका छन्। सिंहसँगै लोसपालगायत अन्य विभिन्न राजनीतिक दल त्यागेर युवाहरुको एउटा ठूलो समूहले पनि जसपा प्रवेश गरेको हो। सिंहलाई आगामी स्थानीय तहको निर्वाचनमा वीरगञ्ज महानगरपालिकाको मेयर लडाउने जसपाको तयारी छ। उनी यसअघि तत्कालीन राष्ट्रिय जनता पार्टीबाट मेयर लडेर तेस्रो स्थान ल्याएका थिए।

### रौतहटमा एमालेद्वारा प्रदर्शन

रौतहट। रौतहट जिल्ला पछिल्लो समय स्थानीय प्रशासनले विभिन्न षड्यन्त्र गरी निर्दोषलाई फसाउने काम गरेको भन्दै नेकपा एमाले रौतहट जिल्ला कमिटीले प्रदर्शन गरेको छ। गठबन्धन सरकारको इशारामा रौतहटको एसपी र सिडियोको नेतृत्वमा झुठा मुद्दा, गाली बेइज्जती तथा बदनाम गर्ने कार्य भइरहेकोले एमालेले जिल्लाको मध्यभाग गरुडामा मङ्गलबार हजारौंको संख्यामा प्रदर्शन गरेको हो। सिडियो र एसपीको राजिनामा माग्दै अध्यक्ष त्रिभुवन साहको नेतृत्वमा निकालिएको शान्तिपूर्ण प्रदर्शनमा केन्द्रीय तथा प्रदेश कमिटीसहितका नेता कार्यकर्ता उपस्थित थिए। एमाले पार्टी कार्यालयबाट सुरु भएको प्रदर्शन गरुडाको परिक्रमा गरी ईलाका प्रहरी कार्यालय गरुडा अगाडी नारा जुलुस तथा कोणसभा गरी अन्त्य भएको थियो। सो क्रममा प्रदर्शनकारीहरुले “निर्दोषलाई फसाउन पाईदैन, पक्षपाती सरकार/प्रशासन चाहिदैन, पक्षपाती सीडीओलाई बर्खास्त गर, निष्पक्ष निर्वाचनको वातावरण तयार गर, षड्यन्त्रकारी प्रहरी प्रशासन मुर्दाबाद, षड्यन्त्रकारी सिडियोलाई कारवाही गर, हर्षाहा सवारी दुर्घाटनाको उच्चस्तरीय छानबिन गर, मुद्दाको वास्तविकता लुकाउनेहरुलाई कारवाही गर, हर्षाहा सवारी दुर्घटनाको वास्तविक दोषीलाई करवाही गर, राजनीतिक प्रतिशोधले निर्दोषलाई फँसाउने षड्यन्त्र बन्द गर, सवारी दुर्घटनाको सत्य तथ्य सार्वजनिक गर, लासमाथि राजनीतिक गर्ने घृणित कार्य बन्द गर“ जस्ता नाराहरु लगाइएका थिए।


**कोरोना भाइरस संक्रमणसम्बन्धी**

**अत्यन्त जरूरी सूचना**

कोरोना विश्वव्यापी तेस्रो लहर ओमिक्रोन नेपालमा पनि देखापरिसकेको छ। विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार नेपाल पनि यसको उच्च जोखिममा रहेकोले यस भाइरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न सम्पूर्ण देश र प्रदेशवासीहरूले निम्न उपायहरूको पालना गरौं।

१) भीडभाडबाट बचौं।
२) घरबाट बाहिर निस्किँदा मास्कको अनिवार्य प्रयोग गरौं।
३) प्रत्येक २० मिनेटमा साबुन-पानीले नियमित हात धोऔं।
४) कम पाकेको माछामासु नखाऔं।
५) दही, दुग्ध, घ्यू, पनिर आदिको सेवन गरौं।
६) कुहिएको, झिँगा लागेको अस्वस्थकर खानेकुरा नखाऔं।
७) खानेकुरा धोइ-पखाली राम्रोसँग पकाएर खाऔं।
८) एकआपसमा अभिवादन, नमस्ते गर्दा हात नमिलाऔं।
९) एकआपसमा शारीरिक दूरी कायम गरौं।
१०) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडिको व्यक्तिको विपरीत दिशामा आफ्नो मुख छोपौं।
११) मनतातो पानी, गुर्जोको काँढा र सेनिटाइजरको प्रयोग गरौं।
१२) रोग संक्रमण भएको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरको नम्बर १३३९ मा जानकारी दिनुका साथै चिकित्सकसित सम्पर्क गरौं।

**धनुषााम नगरपालिका**

**धनुषा, मधेश प्रदेश**



**कोरोना भाइरस संक्रमणसम्बन्धी**

**अत्यन्त जरूरी सूचना**

कोरोना विश्वव्यापी तेस्रो लहर ओमिक्रोन नेपालमा पनि देखापरिसकेको छ। विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार नेपाल पनि यसको उच्च जोखिममा रहेकोले यस भाइरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न सम्पूर्ण देश र प्रदेशवासीहरूले निम्न उपायहरूको पालना गरौं।

१) भीडभाडबाट बचौं।
२) घरबाट बाहिर निस्किँदा मास्कको अनिवार्य प्रयोग गरौं।
३) प्रत्येक २० मिनेटमा साबुन-पानीले नियमित हात धोऔं।
४) कम पाकेको माछामासु नखाऔं।
५) दही, दुग्ध, घ्यू, पनिर आदिको सेवन गरौं।
६) कुहिएको, झिँगा लागेको अस्वस्थकर खानेकुरा नखाऔं।
७) खानेकुरा धोइ-पखाली राम्रोसँग पकाएर खाऔं।
८) एकआपसमा अभिवादन, नमस्ते गर्दा हात नमिलाऔं।
९) एकआपसमा शारीरिक दूरी कायम गरौं।
१०) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडिको व्यक्तिको विपरीत दिशामा आफ्नो मुख छोपौं।
११) मनतातो पानी, गुर्जोको काँढा र सेनिटाइजरको प्रयोग गरौं।
१२) रोग संक्रमण भएको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरको नम्बर १३३९ मा जानकारी दिनुका साथै चिकित्सकसित सम्पर्क गरौं।



**औरही गाउँपालिका**



**धनुषा, मधेश प्रदेश**

# महोत्तरीमा अझै तात्नै बाँकी छन् दलहरु

महोत्तरी । स्थानीय तहको निर्वाचन नजिकिए पनि महोत्तरीका राजनीतिक दलहरु खासै तात्न सकेका छैनन् । अन्य जिल्लाको तुलनामा आपसी विवादमा नै रुमलिरहेका दलहरु चुनाव लक्षित कार्यक्रमभन्दा पनि आन्तरिक विवाद सुल्झाउन नै व्यस्त देखिएका छन् । चुनाव लक्षित कार्यक्रम खासै नदेखिए पनि कतिपय नगरपालिकामा टिकटको चर्चा भने निकै चुलिएको छ ।

नेकपा एमालेको जिल्ला विवाद यति उत्कर्षमा पुगेको छ कि कतिपय पालिकाहरुमा त समानान्तर कमिटी नै गठन भएका छन् । औरही, रामगोपालपुर तथा क्षेत्र न. ४ र क्षेत्र न. २ का धेरै ठाउँमा समान्तर कमिटी गठन भएका छन्। केन्द्रीय सदस्यबीचको विवादले एकले अर्कोले बनाएको सङ्गठन स्विकार्न नसक्ने अवस्था सिर्जना भएपछि समान्तर कमिटी गठन भएका हुन् । केन्द्रीय सदस्य सरोज यादव र अर्का केन्द्रीय सदस्यद्वय बुधिनी देवी र रामदयाल मण्डलबीचको विवाद उत्कर्षमा पुगेपछि समान्तर कमिटी गठन भएको नेताहरु बताउँछन्। पोलिटब्युरो सदस्यसमेत रहेका रामदयाल मण्डल र यादवबीचको टकरावले पार्टी कमजोर बनिरहेको केही नेताहरुको आकलन छ तर मण्डल भने आफूले पार्टीलाई विधि र विधानअनुसार चलाउन खोजेको दाबी गर्दै आएका छन् ।

'यदि दोष मलाई नै दिन चाहन्छन् भने ठिकै छ म नै जिम्मेवारी लिउँला तर पार्टी विधिअनुसार चल्नुपर्छ,' उनले भने । पार्टीभित्रको विवादकै कारण भने जसरी चुनाव लक्षित कार्यक्रम गर्न नसकिएको नेताहरु स्विकार्छन् । यता नेपाली कांग्रेसको विवाद नेकपा एमालेको भन्दा कम छैन । लामो विवाद र रस्साकस्सीपछि बिस्तारै तङ्गिरहेको नेपाली कांग्रेसमा प्यानलबीचको मनमुटाव कायमै छ । जिल्ला अधिवेशनमा पौडेल प्यानललाई देउवा प्यानलले हराएको र पौडेल प्यानलका व्यक्तिसमेत लागिपरेको आरोप संस्थापन इतरका नेताहरुको छ । तर नवनिर्वाचित जिल्ला सभापति नागेश्वर यादव भने सबै कलहलाई भुलेर चुनाव लक्षित कार्यक्रममा लाग्नुपर्ने बताउँछन् । सभापति यादवले सोमबारको बैठकमा चुनावी लक्षित कार्यक्रम कसरी दरिलो बनाउने र सम्भावित उम्मेदवारको विषयमा समेत अनौपचारिक निष्कर्ष निकाल्ने योजन राखेका थिए । तर, बैठकमा यस विषयमा खासै छलफल हुन सकेन । कमजोर पालिका र बलिया पालिकाहरु पहिचान गरी चुनावी गठबन्धनको विषयमा समेत गहन छलफल गर्ने सभापति यादवले जानकारी दिए । माओवादी केन्द्र भने एमसीसीको विषयलाई लिएर छिन्नभिन्न भएको छ । एमसीसी राष्ट्रघात भएको थाहा पाउँदा पाउँदै पार्टीकै नेतृत्वमा एमसीसी पास भएको भन्दै कतिपय नेताहरुले पार्टीबाट नै राजीनामा दिइसकेका छन् । महोत्तरी जिल्ला संयोजक तुलसीप्रसाद ढुङ्गानासहित प्रदेश कमिटी र नगरका आधा दर्जन नेताले पार्टी परित्याग गरेको प्रेस विज्ञप्ति निकालेर घोषणा नै गरेका छन् । अन्य पार्टीको तुलनामा सतहमा खासै विवाद नदेखिए तापनि जिल्लाका प्रभाशाली नेताहरुले निकालेको प्रेस विज्ञप्तिलाई निकै अर्थपूर्ण ढङ्गले हेरिएको छ । जिल्लामा एकता प्रक्रियाबाट समाहित भएका जनमोर्चा र छुट्टै माओवादी केन्द्रको अस्तित्व बोकेर हिँडेका गरी २ धार छन् ।

पार्टी परित्याग गरेको घोषणा गरेका नेताहरु पनि जनमोर्चा धारका हुन् । गिरिराजमणि पोखरेलनिकट मानिने नेताहरु अहिले माओवादी पार्टी त्यागेको घोषणा गर्नुले पनि चुनाव लक्षित कार्यक्रममा मात्र होइन निर्वाचनमा समेत असर पर्न सक्ने आकलन गरिएको छ । शनिबार महोत्तरी आइपुगेका नेता गिरिराजमणि पोखरेलले महोत्तरीमा पार्टीको विवादबारे बोल्न चाहेनन् । 'अहिले नै म केही बोल्न चाहान्नँ, पछि कुरा गरौंला,' उनले भने । पूर्व शिक्षामन्त्रीसमेत रहेका पोखरेलले पार्टीको निर्णयविरुद्ध एमसीसीका विषयमा पनि फरक मत राखेका थिए । निर्वाचनको मिति नजिकिँदै गइरहेका बेला दलहरुबीचको विवादले महोत्तरीमा कसले बाजी मार्ला भन्ने विषय सर्वसाधारणमा अन्योल छ । यता मधेसवादी दलहरु पनि फुटको कारणले निकै कमजोर देखिएका छन् ।

अघिल्लो निर्वाचनमा मधेसवादी तत्कालीन दल राजपाले बहुमत ल्याएको महोत्तरीमा अहिले उक्त पार्टीको फुटले अन्य दलको जस्तै हालत छ । राजपाबाट नै विजयी भएका कतिपय पालिकाका जनप्रतिनिधिले अहिले पार्टी नै छाडिसकेका छन् । लोसपा र जसपा रोज्ने होडबाजीले जनप्रतिनिधिको नै मत बाझिँदा सर्वसाधारणसमेत अन्योलमा छन् । महोत्तरीका १५ पालिकाअन्तर्गत ८ पालिकामा तत्कालीन राजपाले, ३ पालिकामा नेपाली कांग्रेस, ३ पालिकामा माओवादी केन्द्र र १ पालिकामा संघीय समाजवादी फोरम नेपालले जित हासिल गरेको थियो ।




**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिनारायण महतो**
**नगरप्रमुख**
**मिथिला नगरपालिका, धनुषा, मधेश प्रदेश**

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**रामउदगार यादव**
**नगरप्रमुख**
**कमला नगरपालिका, धनुषा, मधेश प्रदेश**

## संक्षिप्त समाचार

### भारतका लागि नेपाली राजदूतमा शर्मा नियुक्त

काठमाडौं । भारतका लागि नेपालको आवासीय राजदूत पदमा डा. शंकर प्रसाद शर्मा नियुक्त नियुक्त भएका छन् । राष्ट्रपति विद्यादेवी भण्डारीले शर्मालाई भारतका लागि नेपालको आवासीय राजदूतमा नियुक्त गरेकी हुन् । नेपालको संविधानको धारा २८२ बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा डा. शर्मालाई भारतका लागि नेपालको आवासीय राजदूत पदमा नियुक्त गरेको राष्ट्रपति कार्यालयले जनाएको छ ।

### ठाकुरसहित सयौं जसपा प्रवेश

राजविराज । नेकपा (एमाले)की केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य रञ्जु ठाकुरसहित सयौं नेता कार्यकर्ता जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन् । जसपाले बुधबार राजविराजमा आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा ठाकुरसहित पाँच सयभन्दा बढी जसपा नेपालमा प्रवेश गरेका हुन् । नवप्रवेशीहरुलाई जसपा अध्यक्ष उपेन्द्र यादव, केन्द्रीय कार्यकारिणी समिति सदस्य एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणु यादवलगायतले स्वागत गरेका थिए ।

### लागूऔषधसहित युवक पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहबाट ८ सय ट्याब्लेट प्रतिबन्धित औषधिसहित एक युवक पक्राउ परेका छन् । ट्रामाडोलसहित दाङ तुल्सीपुर उपमहानगरपालिका-१८ बस्ने २२ वर्षीय बिकास विकलाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेका विकलाई उक्त औषधिसहित फेला पारी पक्राउ गरेको हो ।

### मोटरसाइकल ठोक्किँदा दुई जनाको मृत्यु

कैलाली । टिकापुर नगरपालिका-४ अस्नेरीमा से.३ प ९७४६ नम्बर र लु.७४ प ४०७४ नम्बरका दुई मोटरसाइकल आपसमा ठक्कर खाई शुक्रबार दिउँसो दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका से.३ प ९७४६ नम्बरको मोटरसाइकल चालक टिकापुर नगरपालिका-२ बन्दीपुर बस्ने १७ वर्षीय मञ्जिल कार्कीको टिकापुर अस्पतालमा र लु. ७४ प ४०७४ नम्बरको मोटरसाइकलमा सवार बर्दिया राजापुर नगरपालिका-१ बस्ने २३ वर्षीय प्रजापति चौधरीको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको हो । अर्का १ जना घाइतेको मेडिकल कलेज कोहलपुरमा उपचार भइरहेको छ ।

### करेन्ट लागेर बालिकाको मृत्यु

रौतहट । इशनाथ नगरपालिका-९ लौतना बस्ने जमदार राय यादवकी छोरी ७ वर्षीया पुनम कुमारी यादवको करेन्ट लागेर शुक्रबार दिउँसो मृत्यु भएको छ । आफ्नै घरमा कलको धारामा जडान गरेको मोटरको तार छुन गई करेन्ट लागेर गम्भीर घाइते भएकी उनको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

### अटोरिक्सा दुर्घटनामा चालकको मृत्यु

वीरगंज । ठोरीमा अटो रिक्सा दुर्घटना हुँदा चालकको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन् । ठोरी गाउँपालिका वडा नम्बर ३ मा आज बिहान अटो रिक्सा दुर्घटना हुँदा चालक वडा नं. ४ बस्ने ३५ वर्षीय बीरबहादुर विश्वकर्माको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । रामनगरबाट विजय बस्तीतर्फ जाँदै गरेको प्रदेश २ ०३००१ ह ६२८ नम्बरको अटो रिक्सा दुर्घटना भएको थियो । दुर्घटनामा ट्याम्पोमा सवार ठोरी ३ का खेल बहादुर विश्वकर्मा र विजय सुनार सामान्य घाइते छन् ।

### चरेससहित दुई जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-२ पुष्पलाल चोकस्थित स्याङ्जा गेष्टहाउसको कोठा नम्बर ७ बाट ३ किलो अवैध लागूऔषध चरेस सहित २ जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा कालिकोट खाडाचक्र नगरपालिका-९ बस्ने २५ वर्षीय प्रबिण बिष्ट र सोही नगरपालिका-७ बस्ने २३ वर्षीय राज बहादुर कार्की रहेका छन् । बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उक्त कोठा जाँच गर्दा सिरानीमा प्लाष्टिकको थैलोमा लुकाई राखेको अवस्थामा उक्त चरेस फेला पारी उनीहरुलाई पक्राउ गरेको हो ।

### रोलरको ठक्करबाट सुपरभाइजरको मृत्यु

कपिलवस्तु । महाराजगंज नगरपालिका-२ गैडहवास्थित सडकमा बा.२ क ४३३९ नम्बरको बाटो दवाउने रोलर मेशिनको ठक्करबाट एक जनाको मृत्यु भएको छ । सोही बाटो हेर्ने सुपरभाईजर कपिलवस्तु नगरपालिका-४ दालपुर बस्ने ३५ वर्षीय बसन्त कुमार यादवको मंगलबार बिहान मृत्यु भएको प्रहरीले जनाएको छ । बाटो पिच गर्ने क्रममा उक्त रोलर मेशिनले ठक्कर दिँदा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको हो । रोलर मेशिनका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### नियन्त्रित लागूऔषधसहित युवक पक्राउ

कपिलवस्तु । शुद्धोधन गाउँपालिका-३ लवनी चोकबाट नियन्त्रित लागूऔषध ३७ पिस स्पास्मो र ६ पिस नाईट्रोभेट सहित एक युवक पक्राउ परेका छन् । मायादेवी गाउँपालिका-६ डुमरा बस्ने २६ वर्षीय अब्दुल वफा मुसलमानलाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । पैदल हिँडिरहेका उनलाई प्रहरी चौकी लवनीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### लागूऔषधसहित दुई जना पक्राउ

रुपन्देही । बुटवल उपमहानगरपालिका-११ मुस्कान पथ घर भएका २४ वर्षीय युद्धजित सुनारी र सोही उपमहानगरपालिका-१३ बेलबास घर भएका २७ वर्षीय सुनिल श्रेष्ठलाई ५ ग्राम ९ सय ६० मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर, ६ थान मोबाइल र १ थान तौल गर्ने मेसिन सहित बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ । सुनारीको घरमा लागूऔषध विक्री भइरहेको भन्ने खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### आगलागीबाट चार लाख बढीको क्षति

मोरङ । रतुवामाई नगरपालिका-५ बिमल चोक बस्ने दिपक खरेलको कच्ची भान्सा घरमा गएराति आगलागी हुँदा भान्सा घर जलेर करिब ४ लाख १० हजार रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।



# मधेशी आयोगले मनायो तेस्रो वार्षिकोत्सव

काठमाडौं । नेपालको संविधानको धारा २६२ अनुसार गठित संवैधानिक आयोगको रुपमा रहेको मधेशी आयोगको तेस्रो वार्षिकोत्सव एक कार्यक्रम बीच सम्पन्न भएको छ । २०७५ साल चैत्र ७ गते को दिन राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष आयोगका अध्यक्ष डा.विजयकुमार दत्तले सपथ लिएको दिनलाई आधार मानी आयोगले आफ्नो वार्षिकोत्सव मनाउदै आएको छ ।

आयोगका अध्यक्ष डा.दत्तले ३ वर्षमा आयोगले गरेका काम र गतिविधि सम्बन्धमा प्रेस विज्ञप्ति समेत जारी गरेका छन् । जारी प्रेस विज्ञप्तिमा थर सूचीकरण अन्तिम चरणमा रहेको समेत उल्लेख गरिएको छ । नियुक्ति पश्चात ३ आर्थिक वर्षमा आयोगको बेरुजु शुन्य रहेको, भौतिक स्रोत साधनको कमी भए पनि आयोगले अहोरात्र काम गरेको, कर्मचारीको व्यापक अभाव लगायातका बुँदाहरु उल्लेख गरिएको छ ।



**महत्वपूर्ण कार्यहरु**

तराई-मधेशका विभिन्न जिल्लाको अनुगमन तथा निरीक्षण,
नेपाल-भारत सिमाका विभिन्न स्थानहरूको स्थलगत अवलोकन तथा अनुगमन,
आयोगमा पुस्तकालयको स्थापना,
आयोगलाई पूर्ण प्रविधि-मैत्री बनाउने,
टोल फ्री तथा हेल्पलाइन नम्बरको संचालन,
अधिकृत-स्तरको लोक सेवा तयारी कक्षा अभिमुखीकरण तथा संचालन,
आयोगको लोगो निर्माण,
ई-लाइब्रेरी स्थापना,
२०७६।०१।०२ देखी नै ई-हाजिरीको व्यवस्था,
विज्ञहरूको रोस्टर तयार,
आयोगको चौमासिक बुलेटिन प्रकाशन,
अन्धविश्वास, बाल-विवाह, दाइजो प्रथा, छुवाछुत जस्ता कुरीतिविरुद्ध अभिमुखीकरण कार्यक्रम संचालन, प्रदेश-१, मधेश प्रदेश, लुम्बिनी प्रदेश र बागमती प्रदेशमा मधेशी समुदायको सशक्तीकरणका लागि लोकसेवा तयारी अभिमुखीकरण कक्षा, झापा, मोरंग, सप्तरी, सिरहा, सर्लाही, चितवन, मकवानपुर, रुपन्देही, बाँके, कपिलवस्तु सहितका जिल्लाहरूमा मधेशी समुदायको हक-हितको संरक्षण, सम्बर्द्धन तथा सशक्तीकरणका लागि सरकारी सेवामा पहुँचको तयारी तथा अभिमुखीकरण कार्यक्रम, संघीय, प्रदेश तथा स्थानीय सरकार एवम् नागरिक समाजका अगुवाहरूसँग मधेशी समुदायको हक-हितको संरक्षण, सम्बर्द्धन तथा सशक्तीकरणका लागि नियमित छलफल, ऐतिहासिक ठोरीको धार्मिक एवम् पुरातात्विक अध्ययन लगायातका महत्वपूर्ण कामहरु भएको उल्लेख गरिएको छ ।

**ताप्लेजुङ्गमा भारतको सहयोगमा निर्मित विद्यालय भवन उद्घाटन**

काठमाडौं, ७ चैत । भारत सरकारको अनुदान सहयोगमा ताप्लेजुङ्ग जिल्लाको सिनाममा अवस्थित श्री सिनाम उच्च माध्यमिक विद्यालयको नवनिर्मित भवनको उद्घाटन भएको छ ।

भारतीय राजदूतावासका प्रथम सचिव रोहित मिश्रा, प्रतिनिधि सभाका सांसद योगेश भट्टराई र संविधानसभा सदस्य भुपेन्द्र थेवेले सोमबार भारत सरकारको अनुदान सहयोगमा जिल्लाको सिनाममा अवस्थित विद्यालयको नवनिर्मित भवनको संयुक्त रुपमा उद्घाटन गरेका छन् ।

सो उद्घाटन समारोहमा स्थानीय सरकारका प्रतिनिधि, स्थानीय समुदायका अगुवा, शिक्षक-शिक्षिका, अभिभावक, छात्र-छात्रा लगायतको उपस्थिति थियो ।

यो परियोजना भारत स्वतन्त्र भएको ७५ वर्षको उत्सव मनाउन भारत सरकारले अघि सारेको "India@75 आजादीका अमृत महोत्सव" अन्तर्गत यस वर्ष नेपालमा उद्घाटन गरिने ७५ वटा परियोजनाहरु मध्येको एक हो ।

'भारत-नेपाल विकास सहकार्य' कार्यक्रमअन्तर्गत भारत सरकारको अनुदान सहयोगमा कुल नेरु ३ करोड १० लाखको लागतमा उक्त दुई तले भवनको निर्माण भएको हो । सन् १९५० मा स्थापना भएको यस विद्यालयमा हाल १६०० जना विद्यार्थी अध्ययनरत छन् ।

सन् २००३ यता भारतले नेपालमा ५२३ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु अघि बढाइसकेकोमा ४६७ वटा सम्पन्न भइसकेका छन् ।

तीमध्ये ताप्लेजुङ्गका २ गरी प्रदेश १ मा ७८ वटा रहेका छन् । यसका अतिरिक्त भारत सरकारले ताप्लेजुङ्ग जिल्लाका विभिन्न स्वास्थ्य चौकीलाई हालसम्म ७ वटा एम्बुलेन्स उपहार स्वरुप प्रदान गरिसकेको छ ।

नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच बहुपक्षीय एवम् बहुक्षेत्रीय सहकार्य रहेको छ । यस परियोजनाको कार्यान्वयनले नेपाली जनताको जीवनस्तर उकास्न नेपाल सरकारले गरेका प्रयासहरुमा भारत सरकारले पुऱ्याउदै आएको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

## मधेश सरकार र विहार सरकारबीच पर्यटन प्रवर्द्धन गर्ने छलफल

वीरगञ्ज । मधेश सरकार र भारतको विहार सरकारबीच पर्यटन प्रवर्द्धनका विषयमा छलफल भएको छ । आजादी का अमृत महोत्सव (इन्डिया एट ७५) अन्तर्गत वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले गरेको 'विहार सरकार र मधेश प्रदेश सरकारबीच पर्यटनको प्रवर्द्धन' नामक कार्यक्रममा पर्यटनको क्षेत्रमा दुई पक्षीय हितका विषयमा छलफल भएको हो । छलफलमा सहभागीहरूले दुवै तर्फका पर्यटकले भोग्नुपरेका कठिनाइहरू र यसका समाधानका उपायहरूबारे चर्चा गरेका थिए । त्यस्तै, चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज र वाल्मीकि टाइगर रिजर्भको सम्बन्धका साथै भारत र नेपालका पर्यटकीय गन्तव्य रामायण, बुद्ध र जैन सर्किटको सम्बन्धको महत्वबारे पनि सहभागीहरूले धारणा राखेका थिए । छलफलमा मधेस प्रदेश र विहारको पूर्वी तथा पश्चिम चम्पारण जिल्लामा पर्यटकीय गन्तव्य प्रवर्द्धनमा विशेष जोड दिइएको थियो । त्यसैगरी, सीमामा हेल्प डेस्कको स्थापनालगायत विषयमा चर्चा भएको थियो । साथै, नेपालमा भारतीय सवारीसाधनबाट असुली हुने सडक कर र अन्य कर असुलीमा सुधार तथा सहजीकरण गर्ने विषयमा मधेश प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री शत्रुधन महतोले सहमति जनाउनु भएको थियो । छलफलमा मन्त्री महतो, पर्साका प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी र एनआईडी पर्सा, पूर्वी चम्पारणका जिल्ला अधिकारी, पश्चिम चम्पारणका अतिरिक्त जिल्ला मजिस्ट्रेट, चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत, पर्सा राष्ट्रिय निकुञ्जका प्रतिनिधि, होटल तथा टुर अपरेटरका प्रतिनिधिलगायत सहभागी थिए ।

## उखु किसानलाई सहुलियतपूर्ण कर्जा

काठमाडौं । एनएमबि बैंकले मधेश प्रदेशका उखु किसानलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराएको छ । बैंकले कृषि तथा उत्पादनशील क्षेत्रलाई प्राथमिकतामा राख्दै मधेस प्रदेशमा हालसम्म १५६ उखु किसानलाई कलैया र गोलबजार शाखाबाट सहुलियतपूर्ण कर्जा उपलब्ध गराइसकेको जनाएको छ । बैंकले उखु किसानलाई सहज रूपमा कर्जा प्रवाह गर्ने उद्देश्यले रिलायन्स सुगर मिल्स र हिमालय सुगर मिल्ससँग सम्झौता गरेको थियो । सम्झौताअनुसार उक्त चिनी उद्योगलाई आवश्यक उखुको माग पूरा गर्न आवश्यक पर्ने उखुखेती गर्न प्रोत्साहन गर्दै किसानलाई सहुलियतपूर्ण कर्जा प्रवाह गरेको हो जनाएको छ । साथै, बैंकले सुगर मिल्ससँग सहकार्य गरी किसानको उखुखेतीलाई आवश्यक अरू विभिन्न प्राविधिक सहयोगहरू पनि गर्दै आएको जनाएको छ । कर्जा प्रवाहपश्चात् बैंकले गरेको स्थलगत निरीक्षणमा अधिकांश किसानको जीवनस्तरमा परिवर्तन भएको र किसानले उखु बिक्रीबाट लाभान्वित भई बैंकको कर्जा समेत तोकिएको भाकाभित्रै भुक्तानी गरिरहेको एक विज्ञप्ति जारी गर्दै जनाएको छ ।


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**रामज्ञान मण्डल**
**नगरप्रमुख**
**हंसपुर नगरपालिका, धनुषा, मधेश प्रदेश**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**रामशंकर मिश्र**
**नगरप्रमुख**
**जलेश्वर नगरपालिका, महोत्तरी, मधेश प्रदेश**



**कोरोना भाइरस संक्रमणसम्बन्धी**
**अत्यन्त जरूरी सूचना**

कोरोना विश्वव्यापी तेस्रो लहर ओमिक्रोन नेपालमा पनि देखापरिसकेको छ । विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार नेपाल पनि यसको उच्च जोखिममा रहेकोले यस भाइरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न सम्पूर्ण देश र प्रदेशवासीहरूले निम्न उपायहरूको पालना गरौं ।

१) भीडभाडबाट बचौं ।
२) घरबाट बाहिर निस्किँदा मास्कको अनिवार्य प्रयोग गरौं ।
३) प्रत्येक २० मिनेटमा साबुन-पानीले नियमित हात धोऔं ।
४) कम पाकेको माछामासु नखाऔं ।
५) दही, दुग्ध, घ्यू, पनिर आदिको सेवन गरौं ।
६) कुहिएको, झिँगा लागेको अस्वस्थकर खानेकुरा नखाऔं ।
७) खानेकुरा धोइ-पखाली राम्रोसँग पकाएर खाऔं ।
८) एकआपसमा अभिवादन, नमस्ते गर्दा हात नमिलाऔं ।
९) एकआपसमा शारीरिक दूरी कायम गरौं ।
१०) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडिको व्यक्तिको विपरीत दिशामा आफ्नो मुख छोपौं ।
११) मनतातो पानी, गुर्जोको काँढा र सेनिटाइजरको प्रयोग गरौं ।
१२) रोग संक्रमण भएको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरको नम्बर १३३९ मा जानकारी दिनुका साथै चिकित्सकसित सम्पर्क गरौं ।

**उदय कुमार यादव बरबरिया**
**नगरप्रमुख**
**शहीदनगर नगरपालिका, धनुषा, मधेश प्रदेश**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, मधेश प्रदेश**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, मधेश प्रदेश**



**कोरोना भाइरस संक्रमणसम्बन्धी**
**अत्यन्त जरूरी सूचना**

कोरोना विश्वव्यापी तेस्रो लहर ओमिक्रोन नेपालमा पनि देखापरिसकेको छ । विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार नेपाल पनि यसको उच्च जोखिममा रहेकोले यस भाइरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न सम्पूर्ण देश र प्रदेशवासीहरूले निम्न उपायहरूको पालना गरौं ।

१) भीडभाडबाट बचौं ।
२) घरबाट बाहिर निस्किँदा मास्कको अनिवार्य प्रयोग गरौं ।
३) प्रत्येक २० मिनेटमा साबुन-पानीले नियमित हात धोऔं ।
४) कम पाकेको माछामासु नखाऔं ।
५) दही, दुग्ध, घ्यू, पनिर आदिको सेवन गरौं ।
६) कुहिएको, झिँगा लागेको अस्वस्थकर खानेकुरा नखाऔं ।
७) खानेकुरा धोइ-पखाली राम्रोसँग पकाएर खाऔं ।
८) एकआपसमा अभिवादन, नमस्ते गर्दा हात नमिलाऔं ।
९) एकआपसमा शारीरिक दूरी कायम गरौं ।
१०) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडिको व्यक्तिको विपरीत दिशामा आफ्नो मुख छोपौं ।
११) मनतातो पानी, गुर्जोको काँढा र सेनिटाइजरको प्रयोग गरौं ।
१२) रोग संक्रमण भएको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरको नम्बर १३३९ मा जानकारी दिनुका साथै चिकित्सकसित सम्पर्क गरौं ।

**विक्रम चौधरी**
**अध्यक्ष**
**पिपरा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश**

## विश्व परिवेश

# अष्ट्रेलियाले २९ वटा प्राचीन कलाकृति भारतलाई फिर्ता गर्यो

काठमाडौं । अस्ट्रेलियाले विभिन्न समयका २९ वटा पुरातन कलाकृति भारतलाई फिर्ता गरेको छ । यी पुरातन वस्तुहरू मध्ये सबैभन्दा प्रारम्भिक ९-१० शताब्दी शताब्दी ईस्वी सम्मको हो। यी मुख्य रूपमा मूर्तिकला र चित्रकलाहरू हुन् जुन विभिन्न प्रकारका सामग्रीहरू - बलौटे ढुङ्गा, संगमरमर, काँसा, पीतल, कागजमा कार्यान्वयन गरिन्छ।



सोमबार अष्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनसँगको भर्चुअल शिखर सम्मेलनमा प्रधानमन्त्री नरेन्द्र मोदीले ती कलाकृतिहरू राजस्थान, पश्चिम बंगाल, गुजरात, हिमाचल प्रदेशलगायत अन्य धेरै भारतीय राज्यहरूबाट अवैध रूपमा निकालिएका सयौं वर्ष पुरानो मूर्तिहरू र तस्बिरहरू भएको उल्लेख गरे।

यसका लागि प्रधानमन्त्री मोदीले आफ्नो “विशेष कृतज्ञता“ व्यक्त गरे। “सबै भारतीय नागरिकहरूको तर्फबाट, म यो पहलको लागि तपाईलाई फेरि पनि हृदयदेखि आभार व्यक्त गर्दछु,“ उनले भने।

यसअघि प्रधानमन्त्री मोदीले अस्ट्रेलियाले भारत फिर्ता पठाएको २९ पुरातात्विक वस्तुको निरीक्षण गरेका थिए ।

शिव र उहाँका चेलाहरू, शक्तिको उपासना गर्ने, भगवान विष्णु र उहाँका रूपहरू, जैन परम्परा, चित्रहरू र सजावटी वस्तुहरू - विषयवस्तु अनुसार पुरातन वस्तुहरू छवटा विस्तृत वर्गहरूमा दायरा छन्। - इन्डिया न्युज नेटवर्क

# युक्रेन, पूर्वी भूमध्यसागरको अवस्थाबारे छलफल

विदेश मन्त्री एस जयशंकरले बुधवार ग्रीसका विदेश मन्त्री निकोस डेन्डियाससँग प्रतिनिधिमण्डल स्तरको वार्ता गरे र दुई देशहरू बीचको घनिष्ठ र मित्रवत सम्बन्धलाई अझ सुदृढ पार्ने उपायहरू खोजे, विदेश मन्त्रालयले भन्यो।

दुई पक्षले रणनीतिक साझेदारीमा द्विपक्षीय सम्बन्धलाई बृद्धि गर्ने सम्भावनाबारे छलफल गरे।

दुवै पक्षले नयाँ भू-राजनीतिक र भू-आर्थिक यथार्थको सन्दर्भमा पारस्परिक हितका क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा विचार आदान-प्रदान गरे।

“युरोपियन युनियन, पूर्वी भूमध्यसागर, अफगानिस्तान र युक्रेनसँग सम्बन्धित विकासहरू छलफल गरियो,“ मन्त्रालयले भन्यो।

ग्रीसका विदेशमन्त्रीले अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको फ्रेमवर्क सम्झौताको हस्ताक्षरकर्ताको रूपमा ग्रीसको अनुमोदनको उपकरण पनि हस्तान्तरण गर्नुभयो। यो ग्रीक मन्त्रीको पहिलो भारत भ्रमण थियो।

दुई मन्त्रीहरूले आशा व्यक्त गरे कि १५ अप्रिल २०२२ मा एथेन्समा तय भएको संयुक्त आर्थिक समितिको ८ औं चरणको बैठकले व्यापार र लगानी सम्बन्धलाई थप गति दिनेछ।



उनीहरूले व्यापारमा उल्लेखनीय बृद्धि भएको र महामारीले उत्पन्न चुनौतीहरूको बावजुद १ बिलियन नाघेको कुराको प्रशंसा गरे।

विज्ञप्ति अनुसार, दुबै पक्षहरू पारस्परिक रूपमा लाभदायक क्षेत्रहरू जस्तै ढुवानी जस्ता क्षेत्रमा सहयोग बढाउन सँगै काम गर्न सहमत भए।

दुवै पक्षले बहुपक्षीयता र नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाप्रति आफ्नो गहिरो प्रतिबद्धता व्यक्त गरेका छन्।

उनीहरूले संयुक्त राष्ट्रको तत्काल सुधारको महत्त्वलाई पुन: पुष्टि गरे। विदेश कार्यालय परामर्श को अर्को चरण छिट्टै निर्धारित हुनेछ।

दुवै पक्षले व्यवस्थित र कानुनी रूपमा जनताको आवागमनको महत्त्वलाई ध्यान दिएका छन् र आप्रवासन र गतिशीलतामा आशयको घोषणापत्रमा हस्ताक्षर गरेका छन्।

“ आफ्नो समृद्ध प्राचीन विगतलाई ध्यानमा राख्दै दुवै पक्ष संस्कृति र शिक्षाको क्षेत्रमा आफ्नो सम्बन्धलाई निरन्तरता दिन सहमत भएका छन्। भ्रमणका क्रममा सन् २०२२-२०२६ को पाँच वर्षे अवधिका लागि सांस्कृतिक तथा शिक्षा आदानप्रदान कार्यक्रममा हस्ताक्षर भएको छ,’ विज्ञप्तिमा भनिएको छ ।

महासागरहरूलाई स्वतन्त्र र आवतजावत र व्यापारका लागि खुला राख्ने महत्त्वबारे विस्तृत छलफल भएको थियो। दुबै पक्षले समुद्रको कानूनलाई समर्थन र पालना गर्ने आवश्यकतालाई पनि जोड दिए।

ग्रीक पक्षले भारतलाई आफ्नो स्वतन्त्रताको ७५ वर्षमा बधाई दियो।

भारत र ग्रीसबीच घनिष्ठ र मैत्रीपूर्ण सम्बन्ध छ, जुन लोकतन्त्र, स्वतन्त्रता र कानूनको शासनको साझा मूल्यहरूमा आधारित छ।

‘हाम्रो द्विपक्षीय सम्बन्ध समृद्ध सभ्यताको सम्बन्धले चिनिएको छ। यी सम्बन्धहरू २०१८ मा ग्रीसमा भारतका माननीय राष्ट्रपति २०१७ मा भारतमा ग्रीक एफएम र जून २०२१ मा एं को ग्रीस भ्रमण सहित बारम्बार उच्च-स्तरीय भ्रमणहरू द्वारा विशेषता हो’, विज्ञप्तिमा थप भनिएको छ।

आफ्नो भ्रमणका क्रममा ग्रीसका विदेशमन्त्रीले उपराष्ट्रपति एम वेंकैया नायडूसँग पनि भेट गर्नुभयो।

ग्रीसका विदेश मन्त्रीको भ्रमणले भारत र ग्रीस बीचको द्विपक्षीय सम्बन्धलाई थप सुदृढ पार्ने उद्देश्यले उच्च स्तरीय आदानप्रदानको गतिलाई निरन्तरता दिन योगदान पुऱ्याएको छ।

*– इन्डिया न्युज नेटवर्क*

# इमरान खानले गरे भारतको ‘स्वतन्त्र विदेश नीति’ को प्रशंसा

काठमाडौं । पाकिस्तानका प्रधानमन्त्री इमरान खानले आइतवार भारतले “स्वतन्त्र विदेश नीति“ पछ्याएकोमा प्रशंसा गरे र युद्धग्रस्त युक्रेनमा मस्कोमाथि अमेरिकी प्रतिबन्धको बाबजुद रूसबाट कच्चा तेल आयात गरेको बताए।

“भारत क्वाड गठबन्धनको सदस्य हो, तर भारत अझै पनि आफूलाई तटस्थ भन्दै आएको छ । प्रतिबन्धको सामना गरिरहेको रुसबाट भारतले तेल आयात गरिरहेको छ किनभने भारतको विदेश नीति जनताका लागि हो, “इमरान खानले भने।

खैबर पख्तुनख्वा प्रान्तको मलाकन्द क्षेत्रमा भएको सार्वजनिक ऱ्यालीमा उनले छिमेकी राष्ट्रको प्रशंसा गर्दै अस्ट्रेलिया, जापान र संयुक्त राज्य अमेरिका मिलेर क्वाडको हिस्सा रहेको भारतले अमेरिकाको परवाह नगरी रुसबाट तेल आयात गरेको बताए ।

अमेरिकी नेतृत्वको पश्चिमी देशहरूले युक्रेनमा सैन्य आक्रमणको लागि रुसमाथि आर्थिक प्रतिबन्ध लगाएका छन् जुन राष्ट्रपति भ्लादिमिर पुटिनले फेब्रुअरी २४ मा आदेश दिएका थिए।

मिडिया रिपोर्टका अनुसार प्रधानमन्त्री खानले आफ्नो विदेश नीतिले पनि पाकिस्तानी जनताको पक्षमा हुने बताए । “म कसैको अगाडि झुक्न सकेको छैन र मेरो राष्ट्रलाई पनि झुक्न दिने छैन,“ खानले भने।

यस वर्ष मार्च ८ मा अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनमा रूसी आक्रमणको प्रतिक्रियामा अमेरिकालाई रूसी तेल प्राकृतिक ग्यास र कोइला आयातमा प्रतिबन्ध लगाउने घोषणा गरे।

सार्वजनिक ऱ्यालीहरूमा विदेशी सम्बन्धका नाजुक विषयमा खुलेर छलफल नगर्ने परम्परालाई तोड्दै खानले रुस-युक्रेन द्वन्द्वमा रुसको विरुद्धमा पाकिस्तानको समर्थन खोज्ने युरोपेली युनियन (ई. यू.) का राजदूतहरूलाई आफूले ‘बिल्कुल होइन’ भनेका थिए।“

उनले भने कि ईयूको अनुरोधको पालना गरेर पाकिस्तानले केहि पनि हासिल गर्ने छैन, रिपोर्टहरुमा भनिएको छ।

‘हामी अफगानिस्तानमा आतंकवाद विरुद्ध अमेरिकाको युद्धको हिस्सा बन्यौं र ८०००० मानिसहरू र १०० बिलियन अमेरिकी डलर गुमायौं’, उनले थपे।

उनले यो महिनाको सुरुमा युक्रेनमा रुसी हस्तक्षेपको निन्दा गर्न इयु र अन्य पश्चिमी देशहरूले पाकिस्तानलाई आग्रह गरेको बयानको बिरूद्ध बोलेको यो दोस्रो पटक हो।

यसअघिको सम्बोधनमा खानले ई. यू. लाई पनि भारतसँग यस्तै माग गर्ने हो कि भनेर सोधेका थिए।

-इन्डिया न्युज नेटवर्क


- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको ‘रेकर्ड’ राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

मधेश प्रदेश, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com


## जिल्ला समाचार

### विद्युत् महसुल नतिर्ने ग्राहकको लाइन काटियो

जनकपुरधाम । मधेश प्रदेशमा लामो समयदेखि विद्युत् महसुल नतिर्ने १२ हजारभन्दा बढी ग्राहकको विद्युत् लाइन काटिएको छ । विद्युत् प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालय जनकपुरधामका अनुसार विद्युत् उपभोग गरे पनि लामो समयसम्म विद्युत् महसुल नबुझाउने १२ हजार ८३३ ग्राहकको विद्युत् लाइन काटिएको छ । मधेस प्रदेशका आठवटै जिल्लास्थित वितरण केन्द्रबाट खटिएको टोलीले चालु आर्थिक वर्षको सात महिनाको अवधिमा विद्युत् महसुल नबुझाउने ग्राहकको लाइन कट्टा गरी रु ६४ करोड ३५ लाख महसुल सङ्कलन गरिएको विद्युत् प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालयका प्रमुख मुनिन्द्र ठाकुरले जानकारी दिए । लाइन कट्टा गरिएकामध्ये नौ हजार ७१४ जनाले पुन: लाइन जडान गरेको र त्यसबाट रु ४२ करोड ९२ लाख ३९ हजार १९० राजस्व सङ्कलन भएको प्रमुख ठाकुरले बताए । विद्युत् मिटर लिएर बिजुली उपभोग गर्ने तर लामो समयसम्म महसुल नबुझाउने प्रवृत्ति बढ्ेकाले विद्युत् लाइन काट्ने अभियान चलाइएको उनको भनाइ छ । यस्तै विद्युत् चुहावट नियन्त्रण अभियान सञ्चालन भएपछि मधेस प्रदेशमा चालु आर्थिक वर्षको सात महिनामा करिब चार प्रतिशत विद्युत् चुहावटमा कमी आएको छ । विद्युत् प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालय मातहतका वितरण केन्द्रले चुहावट नियन्त्रणका लागि अभियान चलाएपछि चालु आर्थिक वर्षको साउनदेखि माघ महिनासम्ममा विद्युत् चुहावट तीन दशमलव ८२ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षमा १६ दशमलव १२ प्रतिशत विद्युत् चुहावट भएकामा चालु आर्थिकको सात महिनाको अवधिमा विद्युत् चुहावटलाई १२ दशमलव तीन प्रतिशतमा झारिएको विद्युत् प्राधिकरणले जनाएको छ । सबैभन्दा बढी सिरहाको लहान वितरण केन्द्रले १३ दशमलव ९७ प्रतिशत चुहावट नियन्त्रण गरेको छ भने सबैभन्दा कम सर्लाहीको मलङ्गवा वितरण केन्द्रले चार प्रतिशत विद्युत् चुहावट नियन्त्रण गरेको प्रमुख ठाकुरले जानकारी दिए ।

### सुदुरपश्चिममा गण तथा गुल्म उद्घाटन

कैलाली । सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले सुदुरपश्चिम प्रदेशस्थित नम्बर ३४ गण हेडक्वाटर कैलाली र नम्बर ५२ गुल्म हेडक्वाटर डडेलधुराको नवनिर्मीत भवनको उद्घाटन गरेका छन् । त्यस अवसरमा उनले शान्ति सुरक्षा, सीमा सुरक्षा, राजश्व चुहावट नियन्त्रणका साथै विभिन्न किसिमका विपद् प्रकोप पिडित आम नागरिकको उद्धार, राहत वितरण लगायत कोभिड-१९ महामारी नियन्त्रण तथा रोकथाममा संगठनले हाँसिल गरेको सफलताको श्रेय कार्यक्षेत्रमा अहोरात्र क्रियाशिल सबै दर्जाका कर्मचारीहरुको त्याग र मेहनतको परिणाम भएको बताएका हुन् । महानिरीक्षक खनालले सकलदर्जाका सशस्त्र प्रहरी कर्मचारीहरुले कार्यक्षेत्रमा देखाएको ईमान्दारीता, अनुशासन, बफादारीता, कर्तव्यपरायणता तथा उच्च समर्पणभाव र परिश्रमको कारण संगठन आज यस स्थानमा आएको स्मरण गर्नुहुँदै सशस्त्र प्रहरी बल, नेपालको सीमा क्षेत्रमा तैनाथी बढेसंगै राष्ट्रको राजश्व संकलनमा बृद्धि हुनुका साथै चोरी तस्करी तथा सीमा अपराध नियन्त्रण तथा समग्रमा सीमा क्षेत्रका आम नागरिकले समेत सुरक्षित महशुस गरेको बताए । सशस्त्र प्रहरी बल, नेपालको देशभर परिचालन भएसंगै ताप्लेजुङ्गको ओलाङ्गचुङ्गगोलादेखि हुम्लाको हिल्सासम्म र पाँचथरको तोरीफुलेदेखि दार्चुलाको छाङ्गरुसम्म विकट भौगोलिक बनावट र प्रतिकुल मौसमका बाबजुद समेत उच्च मनोवल र हौसलाका साथ अहोरात्र तैनाथरही सांगठानीक विकासमा सशस्त्र प्रहरी कर्मचारीहरुले पुऱ्याएको योगदानको समेत प्रशंसा गरे । उनले राष्ट्र र आम नागरिकको सुरक्षा तथा सेवामा पूण व्यावसायिक भई ईमान्दारीताका साथ प्राप्त जिम्मेवारी सम्पादनमा क्रियाशिल रहन त्यसैअवसरमा सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरुलाई निर्देशित गरे ।

### दृष्टि विशेषज्ञको लागि नयाँ दरबन्दी सिर्जना गर्छौं : मुख्यमन्त्री राउत

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रदेश सरकारबाट प्रदेश र स्थानीय सरकारका लागि हुन लागेको ओ एण्ड एममा दृष्टि विशेषज्ञहरुका लागी नयाँ दरबन्दी सिर्जना गर्ने बताएका छन् । नेपाल दृष्टि विशेषज्ञ संघ मधेश प्रदेश समितिद्वारा विश्व दृष्टि विशेषज्ञ दिवसको अवसरमा आयोजित कार्यक्रममा मुख्यमन्त्री राउतले मानव जीवनको लागि अति महत्वपूर्ण आखाँ विशेषज्ञ सेवाको सरकारी अस्पतालमा शुरुदेखि नै आभाव देखिएकोले नयाँ ओएण्डएममा नयाँ दरवन्दी सिर्जना गर्ने प्रतिबद्धता जनाएका हुन् । आँखा जस्तो सम्बेदनशील क्षेत्रमा सरकारको ध्यान अहिलेसम्म नपुग्नु दुखद रहेको उल्लेख गर्दै उनले प्रदेश सरकार मातहतको जिल्लास्थित अस्पतालहरुका साथै स्थानीय तह मातहत रहेका अस्पतालहरुमा समेत नयाँ दरबन्दी सृजना गर्ने बताए । नेपालमा रहेको करिब १२ सय दृष्टि विशेषज्ञहरुमध्ये मधेश प्रदेशमै करिब ४ सय संख्या रहेको हुँदा उनीहरुको व्यवस्थापनका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको उनको कथन थियो । संघका मधेश प्रदेश अध्यक्ष लाल मोहम्मदको अध्यक्षतामा भएको उक्त कार्यक्रममा मधेश प्रदेश लोक सेवा आयोगका अध्यक्ष सुरेन्द्र यादव, समाजिक विकास मन्त्रालयका सचिव इम नारायण श्रेष्ठ, स्वास्थ्य निर्देशक विजय झा सहितको सहभागिता रहेको थियो ।

### प्रभु साहद्वारा ‘श्रीराम चौक’ घोषणा

रौतहट । नेकपा एमालेका स्थायी कमिटी सदस्य एवम् पूर्वमन्त्री प्रभु साहले माधव नारायण नगरपालिकाको खेसरहियामा हत्या गरिएका पुजारी श्रीराम साहको स्मृतिमा मठ-मन्दिरको उद्घाटन गर्दै खेसरहिया बाजारको नाम श्रीराम चौक घोषणा गरेका छन् । गत वर्ष गोली हानी हत्या गरिएका पुजारी श्रीराम साहको स्मृतिमा खेसरहियामा निर्मित हनुमान मन्दिर र धर्मशालाको उद्घाटन गर्दै पूर्वमन्त्री साहले सो चोकलाई श्रीराम चोक र श्रीराम बजारको रुपमा अगाडि बढिरहेको बताए । वाही बागमती पुलबाट खेसरहिया हुँदै वीरेन्द्र राजमार्गमा जोडने सडक निर्माण अन्तिम चरणमा पुगेकोले शहरीकरण सम्भव रहेको पूर्वमन्त्री साहले घोषणा गरे । पूर्वमन्त्री साहले सो मन्दिर परिसरमा निर्माण भएका सबै संरचनाहरु आफ्नो निजी प्रयासमा कुनै सरकारी बजेटविना निर्माण गरिएको जनाउँदै मनमा दृढ संकल्प भए हरेक कुरा सम्भव रहेको उल्लेख गरे । पुजारीकै हत्या गरिएको स्थानमा उनको सालिक, हनुमान मूर्ति स्थापना हुनु र मठ निर्माण गरेर आफुले पुजारी प्रति श्रद्धा तथा श्रद्धाञ्जली अर्पण गरेको उल्लेख गर्दै सो क्षेत्रको थप विकासको लागि निरन्तर लागिरहने प्रतिवद्धता व्यक्त गरे । पूर्वमन्त्री प्रभु साहको पहलमा पुजारीको हत्या गरिएको स्थानमा २ कोठे र ३ कोठे गरि २ वटा मठ र धर्मशाला भवन, पुजारीको शालिक, हनुमानको मूर्ति तथा हनुमान मन्दिर परिसरको निर्माण गरिएको हो । बिना कुनै बजेट एक करोडभन्दा बढी लागतमा सो संरचना निर्माण भएको हो । कार्यक्रममा सो स्थानमा लाग्ने नयाँ बजार र चौकको नाम खेसरहिया श्रीराम बजार राख्ने सार्वजनिक घोषणा गरिएको थियो । नेकपा एमालेका केन्द्रीय सदस्य एवम् रौतहट जिल्ला इन्चार्ज उपेन्द्र साह, केन्द्रीय सदस्य एवम् रौतहट जिल्ला सह इन्चार्ज उद्धव रेग्मी, कुन्दन कुशवाहा, मधेस प्रदेश उपसचिव आरती भण्डारी, जिल्ला अध्यक्ष त्रिभुवन साह, , जिल्ला उपाध्यक्ष दिपक राय यादव, जिल्ला सचिव बाल बिक्रम कार्की, जिल्ला उप सचिव पलट चौधरी, रुपेश पटेल, मौलापुर नगरपालिकाकी नगर प्रमुख रिना साह लगायत ठुलो संख्यामा स्थानीयको सहभागिता रहेको थियो ।

### रुपन्देही बाहिनी मुख्यालय उद्घाटन

रुपन्देही । गृहमन्त्री बालकृष्ण खाँडले सशस्त्र प्रहरी बल नेपाल नम्बर ५ बिन्ध्याबासिनी बाहिनी मुख्यालय रुपन्देहीको उद्घाटन गरेका छन् । त्यसअवसरमा उनले सशस्त्र प्रहरी बल, नेपाल विषम् परिस्थितिमा समेत राष्ट्र र नागरिकाको सेवा तथा सुरक्षा, सीमा सुरक्षा, उद्धार कार्य लगायतका राज्यप्रदत्त विविध जिम्मेवारीका क्षेत्रहरुमा खटिएर आम नागरिकको मन जित्न सफल रहेको उल्लेख गरे । गृहमन्त्री खाँडले आसन्न निर्वाचन शान्तिपूर्ण तथा भयरहित वातावरणमा सम्पन्न गराउन सुरक्षा निकायको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै सम्बद्ध सबै मिलेर सफलतापूर्वक निर्वाचन सम्पन्न गर्नुपर्नेमा जोड दिँदै नेपाल सरकार तथा गृह मन्त्रालय सुरक्षा निकायको मनोबल उच्च रहने गरी साधनस्रोत तथा बन्दोबस्ती अभिवृद्धिमा समेत कटिबद्ध रहेको बताए । उनले विश्वव्यापी कोभिड(१९ महामारी नियन्त्रणमा अग्रपंक्तिमा रहेर तथा नेपाल एपीएफ अस्पताल मार्फत संक्रमितहरुको स्वास्थ्य उपचारमा संगठनले पुऱ्याएको योगदानको समेत मुक्तकण्ठले प्रशंसा गरे ।

# तेस्रो कनेक्ट (इन) उद्यमशीलता कन्क्लेभ

काठमाडौं । भारतीय राजदूतावास, काठमाडौंले बुधबार काठमाडौंमा अन्तर्राष्ट्रिय उद्यमशीलता कन्क्लेभ-कनेक्ट (इन) को आयोजना गऱ्यो । भारत स्वतन्त्र भएको ७५ वर्षको उत्सव मनाउन भारत सरकारले अघि सारेको "आजादीका अमृत महोत्सव" अन्तर्गत यस कनक्लेभको आयोजना गरिएको हो । यो कनक्लेभ वर्ष २०२२ को फेब्रुवरी महिनाको पहिलो हप्तामा गर्ने तय भएको थियो तर महामारीले निम्त्याएको विषम परिस्थितिका कारण यसलाई मार्च महिनामा सारिएको हो । यस कार्यक्रमको सह-आयोजकमा Clockb Business Innovations हो भने अन्य प्रमुख साझेदारहरुमा जीएमआर, टाटा मोटर्स, टाटा मेडीटेक र टुटल समावेश छन् ।



Connect [IN] ले भारत र नेपालका इनोभेटर, प्रतिष्ठित व्यक्ति र चिन्तकहरुलाई एकै ठाँउमा ल्याई दुवै देशका नवीन पद्धति र उद्यमशीलतालाई प्रवर्धन गर्न मद्दत गर्दछ । भारत र नेपालका उद्यमशील प्रतिभाहरुलाई जोड्ने उद्देश्यबाट प्रेरित यो कन्क्लेभले हाम्रा माझ सैयौं समस्या भएता पनि हामीसँग तिनीहरुलाई समाधान गर्ने क्षमता एवम् खुबी भएका हजारौं बौद्धिक प्रतिभा छन् भन्ने विश्वासलाई साकार तुल्याएको छ । तीनवटा संस्करणहरु मार्फत Connect [IN] ले नेपाल र भारतका युवा उद्यमीहरू, लगानीकर्ताहरु, उद्यम पूँजीपतिहरु र विज्ञहरुलाई विचारदेखि व्यापार मोडलसम्म, समस्या देखि समाधानसम्म र व्यवसायदेखि लगानीसम्मका विविध विषयवस्तुहरुमा एक अर्काका अनुभवहरु साटासाट गर्न र एक आपसमा जोडिन एउटा प्रभावकारी मञ्च प्रदान गरेको छ ।

नेपालका लागि भारतीय राजदूत श्री विनय मोहन क्वात्रा तथा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले कनेक्ट (इन) को तेस्रो संस्करणको उद्घाटन गर्नुभयो । भारत र नेपालका स्टार्टअप इकोसिस्टमबीच बढ्दो सम्बन्धलाई थप मजबुत बनाउन यस अघिका दुई संस्करणले हासिल गरेको सफलतालाई निरन्तरता दिँदै यो तेस्रो संस्करणको आयोजना गरिएको हो ।

ई-कमर्श, जीवन विज्ञान, फिनटेक, शिक्षा प्रविधि, सामाजिक उद्यमशीलता, खाद्य प्रविधि तथा वित्तीय सेवाहरु जस्ता विविध क्षेत्रहरुमा क्रियाशील भारतका पाँच जनासहित करिब २५ जना उद्यमीहरुले उक्त कनक्लेभमा सहभागीता जनाएका थिए । कार्यक्रमको दौरानमा भएका छलफल तथा प्रस्तुतिबाट आकांक्षी उद्यमी, व्यवसायी, सञ्चारकर्मी तथा बैंकरहरु समेत गरेर करिब चार सय जना लाभान्वित भए । अझ त्योभन्दा बढी संख्याले सो कार्यक्रम लाइभ स्ट्रिममार्फत हेरे ।

हालको संस्करणमा Connect [IN] ले भारत र नेपालमा आफ्नो पहिचान बनाउन सफल स्टार्टअपका संस्थापकहरुका सङ्घर्षको कथालाई समावेश गरेको थियो । यी कथाहरुमा भारतको सबैभन्दा ठूलो सामाजिक ई-कमर्श र रिसेल पोर्टलहरु मध्येको एक मिशो (Meesho) तथा तथ्याङ्क विश्लेषण गर्दै जीवन विज्ञान र इन्जिनियरिङ्गबीच विद्यमान दूरी घटाउन प्रयासरत रहेको एक उदीयमान कम्पनी भगिअष्मबतब रहेका थिए । नेपालबाट चिरपरिचित फिनटेक प्लेयर एफवन सफ्ट ग्रुप (F1Soft Group) तथा ई-कमर्श पोर्टल सस्तो डिल (क्बकतयमभबौ) समावेश थिए ।

कन्क्लेभमा तीनवटा टोली बनाई सुरुवाती चरणमा स्टार्टअपले झेलेका चुनौती, उद्यम पूँजीपतिको दृष्टिकोणमा स्टार्टअपको आर्थिक पक्ष र परम्परागत व्यापार व्यवसायमा प्रविधिको भूमिका लगायतका विषयमा केन्द्रीत भई छलफल गरियो । सो छलफल सत्रमा भारतबाट वित्तिय प्रविधि उद्यमका आर्थिक पक्षमा केन्द्रीत रही काम गर्ने लगानीकर्ता कम्पनी Yatra Angel Network र शैक्षिक ऋण प्रवाहको क्षेत्रमा काम गर्ने स्टार्टअप कम्पनी Credenc को सहभागीता थियो । नेपाली टोलीमा चिरपरिचित स्टार्टअप कम्पनीहरु टुटल, हात्तीहात्ती, पिक एण्ड ड्रप, प्याड टु गो र स्विट फिक्स तथा लगानीकर्ता कम्पनीहरु डोल्मा इम्प्याक्ट फण्ड र बिजनेस अक्सिजनले सहभागीता जनाएका थिए । कार्यक्रममा स्टाण्डर्ड चार्टर्ड बैंक र किङ्स कलेज काठमाडौंका वक्ताहरुको पनि उपस्थिति थियो ।

Connect [IN] प्रक्रिया : Connect [IN] कन्क्लेभका लागि वर्ष २०२१ को डिसेम्बर र २०२२ को जनवरीमा दाङ, सर्लाही र सुनसरी जिल्लाका विद्यालय लगायत नेपालका विभिन्न स्थानमा 'प्रि-इभेन्ट एक्टिभेसन क्याम्प' को संचालन गरिएको थियो । सो क्याम्पको संचालन पश्चात ८० जना युवा उद्यमीहरुले Incubation र Mentorship Module का लागि निवेदन दिएकोमा ती मध्ये २० जनालाई छनौट गरी वित्त, प्रशासन, कानून, लगानी तत्परता, बिक्री, मार्केटिङ जस्ता विषयमा फेब्रुवरी र मार्च महिनामा प्रशिक्षण दिइयो । प्रशिक्षण लिएका यी २० जना उद्यमीशील युवाहरु अहिले शिक्षा, सामाजिक उद्यम, यात्रा र अथिति सत्कारका क्षेत्रमा कार्यरत छन् । गत मार्च महिनामा आइडिया अडिसनको आयोजना गरियो जसमा सहभागी २० जना युवा उद्यमीमध्ये चार जनालाई छनौट गरियो । छनौट भएका यी चार जना उद्यमीले कन्क्लेभमा लगानीका लागि अपिल गर्नेछन् । यसै वर्ष Connect[IN] कै हिस्सा अनुरुप दूतावासले पहिलो पटक २०७९ वैशाख ५ देखि ७ गतेसम्म 'क्ष्लमष्ब२ठछ आइडियाथन' को आयोजना गर्दैछ । हाम्रो दैनिक जीवनलाई प्रभाव पार्ने तथा दुवै देशका नीतिनिर्माणमा अर्थ राख्ने चार महत्वपूर्ण क्षेत्रका चुनौतीहरु विरुद्ध प्रविधिमैत्री समाधान खोज्न नेपालका युवावर्गलाई त्यसमा संलग्न गराउने आइडियाथनको उद्देश्य रहेको छ । यी चार क्षेत्रहरु यस प्रकारका छन् :

१. अन्तरदेशीय वाणिज्य
२. कृषिबजार
३. शहरी विकास
४. सुशासन

९. काठमाडौंका विश्वविद्यालय तथा कलेजमा अध्ययनरत विज्ञान, इन्जिनियरिङ, व्यवस्थापन र मानविकी संकायका विद्यार्थीहरु India@75 आइडियाथनका सहभागीका रुपमा रहनेछन् । तीन दिनको अवधिमा सहभागीहरुले आ-आफ्नो टोली बनाई विभिन्न विषयमा विचार मन्थन गर्ने, एक आपसमा सहकार्य गरी फिल्डवर्कमा सहभागी हुने र माथि उल्लिखित चारवटा विषयमा पहिचान गरिएका समस्याहरुको समाधान आ-आफ्नो हिसाबले प्रस्तुत गर्नेछन् । प्रबुद्ध व्यक्तिहरुको एक निर्णायक मण्डलले २०७८ चैत्र ०६ गते विजेता टोली चयन गरी अवार्ड घोषणा गर्नेछ ।

भारत र नेपालका युवा उद्यमीलाई अझ नजिक ल्याई आकांक्षा र महत्वकांक्षालाई उपलब्धिसँग जोडी भारत र नेपालमा आर्थिक उन्नति तथा विकासका नयाँ ढोका खोल्नु Connect [IN] को तेस्रो संस्करणको उद्देश्य रहेको छ ।

## नेपाल आउन सलमान खान आतुर



काठमाडौं । बलिउड अभिनेता सलमान खानले आफू नेपाल आउँन इच्छुक रहेको बताएका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेसँग मंगलबार भएको भर्चुअल संवाद गर्दै सलमानले आफूलाई नेपाल मन पर्ने र आउन चाहेको बताएका हुन् । 'पहिले पनि आउन चाहेको थिएँ । तर, पटकपटक कार्यक्रम सरिरहेको छ । अब भने तय भएकै समयमा हुन्छ' सलमानले भने । अभिनेता खानसँग भएको भर्चुअल संवादमा मन्त्री आलेले कोरोना महामारीपछि नेपाल पर्यटनका लागि खुला भएको सन्देश विश्व समुदायलाई दिन आग्रह गर्दै नेपाल आउन र हिमाली सुन्दरताको अनुभव गर्न आग्रह गरे । मन्त्री आलेको आग्रहमा सकारात्मक रहँदै सलमानले नेपाल आएको सम्झिए । 'म नेपाल फिल्म बुलन्दको छायांकनका लागि आएको थिएँ । यद्यपि त्यो फिल्म हलसम्म नै आइपुगेन । तर, त्यसपछि नेपाल आउन पाएको छैन' सलमानले कुराकानीका क्रममा भने । मन्त्री आलेले पनि सलमानलाई सगरमाथा र बुद्धको देशमा स्वागत गर्न आतुर रहेको बताए । काठमाडौंको दशरथ रंगशालामा जेठ १४ मा हुने कार्यक्रमका लागि नेपाल आउन लागेको सलमानले बताए । यसअघि पटकपटक नेपाल आउन आग्रह भए पनि समय नमिलेको भन्दै यसपटक एकदमै उत्साहित रहेको सलमानले बताए ।

करिब १० मिनेट भएको भर्चुअल कुराकानीमा मन्त्री आलेले आफू खानको ठूलो फ्यान भएको र पहिलो फिल्म 'बिबी होतो एसी' देखि 'तेरे नाम' समेत रहेको प्रतिक्रिया दिए । दशरथ रंगशालामा हुने 'दबङ रिलोडेड टुर'का लागि ओडीसी इन्टरटेनमेन्टले सलमानलाई नेपाल ल्याउन लागेको हो । ओडीसीका सिमान्त गुरुङले कार्यक्रममा ३० हजार दर्शक उपस्थित हुने बताए । 'बलिउडका कलाकारभन्दा अगाडि नेपाली कलाकारहरूको पनि प्रस्तुति रहने छ । उनीहरूको डेढ घण्टाको प्रस्तुति पश्चात् मात्र बलिउडका कलाकारहरू स्टेजमा आउनेछन्' सिमान्तले भने ।

## पर्यटनमन्त्री आले भारत भ्रमणमा

काठमाडौं । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले बिहीबार भारतको औपचारिक भ्रमणमा गएका छन् । भारतीय सरकार तथा वीङ्स इन्डिया २०२२ ले पर्यटन तथा नागरिक उड्डयनका क्षेत्रमा गर्न लागेको एक कार्यक्रममा सहभागी हुन मन्त्री आले भारत गएका हुन् ।

भारतको हैदरावादमा भएको कार्यक्रमको शुक्रबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उद्घाटन गर्ने तय भएको छ ।

विभिन्न राष्ट्रका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सहभागी हुने उक्त कार्यक्रममा मन्त्री आलेले नेपालको पर्यटन प्रवर्द्धन तथा नागरिक उड्डयनका क्षेत्रमा आफ्ना धारणा राखेका छन् ।

मन्त्री आलेले बढीभन्दा बढी पर्यटक भित्र्याउन तथा भारतसँग सिमान जोडिएका यहाँका विभिन्न विमानस्थलमा हवाइ रुट खोल्नेलगायत आवश्यक सहयोगका लागि भारत सरकारसँग आग्रह पनि गरेका छन् ।

## भारतीय सहयोगमा गुरुकुल नाट्यशाला भवन निर्माण

विराटनगर । आरोहण गुरुकुलको नवनिर्मित नाट्यशाला भवनको उदघाटन भएको छ । विराटनगर महानगरपालिकाका मेयर भीम पराजुली र भारतीय दूतावासका द्वितीयसचिव प्रशान्तकुमार सोनाले संयुक्त रूपमा भवनको उद्घाटन गरे । भारत सरकारको आर्थिक अनुदान र विराटनगर महानगरको सहयोगमा भवन निर्माण भएको हो । भवन निर्माणको लागत तीन करोड ५१ लाख रुपैयाँ छ । मेयर पराजुलीले कला, संस्कृति सम्वर्द्धनका लागि नाट्यशाला सहयोगी हुने बताए । नाट्यशालाका प्रमुख एवं रंगकर्मी सुनील पोखरेलले सुविधासम्पन्न नाट्यशाला निर्माणले नाट्य विधाको प्रवर्द्धनका साथै कला, संस्कृति र संस्कार उजागर गर्न बल पुग्ने बताए ।

## चुनावको...

तथा कार्यकर्ताहरूले गठबन्धन गर्नै परेको खण्डमा एमालेसँग गर्नुपर्ने सुझाव दिइरहेको लोसपाका एक नेताले बताए । १५ चैतमा नेपालगञ्जबाट शीर्ष नेताहरू फर्केपछि गठबन्धन गर्ने कि नगर्ने भन्नेबारेमा निष्कर्ष निकाल्नेछ । नागरिकता विधेयक, पक्राउ परेका तथा जेलजीवन गुजारिरहेका कार्यकर्ताको रिहाइका बारेमा अध्यक्ष ठाकुरले यसबीचमा दुई तीनपटक नै प्रधानमन्त्री देउवालाई भेटघाट गरेर ध्यानाकर्षण गराइरहेका छन् ।

तर, नागरिकता विधेयकका बारेमा प्रधानमन्त्री देउवाले आवाश्यक कदम नचालेको प्रति महन्थ त्यति खुस देखिएका छैनन् । यद्यपि, कांग्रेसी लिगेसीबाट आएका अधिकांस नेताहरू वामपन्थी घटकहरूसँग भन्दा पनि लोकतान्त्रिक घटकसँग गठबन्धन गर्नुपर्ने पक्षमा तर्क राखिरहेका छन् ।

## प्रदेश...

नामाकरण गर्न लोसपाले माग गरेको हो । **त्यसोभए प्रदेशको नाम के राख्ने त ?** पहिचान बेगर व्यक्तिको नाम त राख्न सकिदैन, राखिदैन पनि, यसबखत बिना पहिचान खोलानाला खोल्सी पहाड डाडाको नाम राख्नमा किन उद्दत छन् पहिचान बिरोधि कांग्रेश, एमाले, समाजवादी-एस जस्ता पार्टी । संघियताको सबै भन्दा बढी आन्दोलन र मांग भएको क्षेत्र हो प्रदेश १, एन डि आइ ले गरेको एउटा सर्वेक्षन अनुसार सबै भन्दा बढी यहिका जनताले संघियता प्रति आफ्नो आसक्ति देखाएका थिए । पहिचान दिने र लिनेबीचको कुरा नमिल्दासम्म प्रदेशले सजिलैसँग नाम पाउनसक्ने अवस्था छैन । राजनीतिक सन्दर्भमा पहिचानको सम्बन्ध मुलुकभित्र रहेका समुदाय वा जातिसँग हुन्छ ।

प्रदेश नं. १ भनेको मुख्यत: पहाडी ब्राह्मण( खस), लिम्बुवान, खम्बुवान(किरात), शेर्पा र मधेश (कोच,थारु) पहिचान भएको प्रदेश हो । नेपालका जातिहरू एवं समुदायहरूका पारम्परिक थलाहरूको उल्लेख गर्दा उपरोक्त पहिचानहरुको थलो पनि यहि हो । राज्य पुनसंरचना आयोगले प्रस्ताब गरेको १० प्रदेश हुँदा यो प्रदेश तीन पहिचानमा बाँडिने हो । अझै पनि माओवादी, जसपा, लोसपा १० प्रदेशको पक्षधर आफुलाई भान्नेगरेको छ । त्यसैले यो प्रदेशको नाम राख्दा १० प्रदेश पक्षधरहरुले मुख्यत उपरोक्त ३ पहिचान सम्बोधन हुनेगरी प्रदेशको नामांकन प्रस्ताब गर्नुपर्छ । यी तिनवटै पहिचानको बारेमा थोरै विश्लेषण गरौ ।

किरात : माझ किरात (इन्द्रावती देखि अरुणसम्मको प्रदेश) खम्बु-राईहरूको पारम्परिक क्षेत्र हो । संखुवासभा, भोजपुर, सोलुखुम्बु, खोटाङ, ओखलढुंगा, धनकुटा र उदयपुरका केही भाग राई (खम्बुहरू) को मुलथलो हो । किरात शब्द महाभारतकालीन समयबाट चीरपरिचित हुँदै आएको शब्द हो । नेपालमा लिच्छवीकालभन्दा अगाडि करीब २५ सय वर्ष राज्य गरेको जातिहरु किरात जातिहरु हुन् । एउटा ऐतिहासिक जातिको ऐतिहासिक शब्द हो किरात । नेपालको सामान्य इतिहास अध्ययन गर्ने जो कोही पनि किरात भन्ने शब्दसँग परिचित छन् । यो इतिहासलाइ ख्याल गर्दै नामाकरणमा किरात शब्द आवश्यक छ ।

लिम्बुवान : सामान्यत: पूर्वी पहाडमा पल्लो किरात (अरुण पारी) लिम्बुहरूको आबादी हो । लिम्बुवानको दाबीअनुसार 'इसापूर्व ७०० तिर पूर्वी नेपालमा स्वतन्त्र लिम्बुवान थियो । यसको दक्षिणी सिमाना भारतको जलालगढ पुग्थ्यो । राज्य विस्तारका सन्दर्भमा वि.सं. १८३१ साउन २२ गते पृथ्वीनारायण शाहले लिम्बुवान प्रतिनिधिहरूसँग सम्झौता गरे । पल्लो किरातलाई आक्रमण गर्ने क्रममा १७ औं पटकसम्म युद्ध भएको थियो । लिम्बूवानका सेनापति काङसोरे र पृथ्वीनारायणका सेनापति रघुनाथबीच भएको युद्धबाट पृथ्वीनारायणका सेनाले जित्न सक्ने स्थिति नदेखिएपछि दुवैले सम्झौता गरेको इतिहासमा भेटिन्छ । त्यो सम्झौतामा पनि लिम्बुहरूलाई शासन गर्ने स्वायत्तता र किपटको अधिकार दिइएको थियो । सन् १८३१ साउन २२ गते भएको सन्धिमा किरातहरूले पृथ्वीनारायण शाहलाई मान्नुपर्ने, किरातहरूले खाइपाइ आएको सम्पूर्णण सुविधासहित भूमिको अधिकार कायम रहने, एकले अर्कोविरुद्ध षड्यन्त्र नगर्ने र अपराध नचिताउने, यदि कसैले उल्लंघन गरेमा नुनपानीमा बिलाएझैं दुवै पक्षले अपुताली भई हराइपाउँ भनी किरिया कसम खाएको उल्लेख थियो ।

२०६४ साल चेत्र ६ गते यस बिषयमा तत्कालीन सरकारसँग लिम्बुवानबीच सहमति पनि भयो । सो सहमतिको १ नं बुँदामा नै लेखिएको थियो- लिम्बुवानबासी जनताको उत्कट चाहना र आन्दोलनलाई सम्बोधन गरी राष्टि्य एकता, अखण्डता र सार्वभौमसत्तालाई अक्षुण राख्दै संबिधानसभाबाट बर्तमान नेपालको राज्य पूर्नसंरचना गर्दा लिम्बुवानको ऐतिहासिक पृष्ठभूमी, भौगोलिक क्षेत्र लगायतका आधारमा स्वायत्त राज्यहरुको संबैधानिक व्यवस्था गरी संघीय शासन प्रणाली अबलम्बन गरिनेछ ।

कोच-मधेश : १६ औं शताब्दिमा कायम रहेको मकवानपुरे सेन राजाहरूको राज्यको विस्तार मधेसको बारा, परसा, रौतहटहुदै पूर्वमा मोरंगसम्म थियो । नेपालको एकिकरणकालमा पनि पूर्वको विजयपुर सेन राजाहरूका एक प्रसिद्ध राज्य थियो । यो राज्य पुर्वमा टिस्टा नदी, पश्चिममा कोशी नदी, उत्तरमा तिब्बत र दक्षिणमा हाल भारत, विहार राज्यको पूणियां भन्ने स्थानसम्ममा फैलिएको थियो । विजयपुर राज्य भन्दा पनि पहिले यस क्षेत्रमा पूर्वमा मधेसका राजवंशी लगायत (कोच) को राज्य थियो । यो समुदाय मधेशको मोरङ र झापा जिल्लाका विभिन्न भागमा हजारौ बर्ष देखि बसोबास गर्दै आएका छन् । मधेशीहरुको यस क्षेत्रमा कोच, बिराट, मोरंग, विजयपुर जस्ता राज्यहरु हुने गर्थ्यो । पृथ्वी नारायण शाहको एउटा चिट्ठीमा 'मधेशको कन्काई नदी' भनेर उल्लेख छ । नेपालकै पहिलो कानुन मुलुकी ऐन १९१० मा "मधेशको जमिदारी पटुवारी नाउको सवालमा" मधेशबाट कुत उठाउनको निम्ति हालको प्रदेश १ को मधेशमा बिराटनगर र हनुमाननगर गरि दुइ प्रशासनिक केन्द्र तोकेको उल्लेख छ । हालै मधेशको मात्रै ८ जिल्लाको प्रदेश न २ लाइ मधेश प्रदेश घोषणा गर्यो तर मधेश भनेरै २००८ साल तिरै पहिलो आन्दोलन गर्ने, २०१० तिरै पहिलो पुस्तक लेख्ने, अन्तराष्ट्रिय जगतमै पहिलो पटक 'मधेश' चिनाउने शहिद रघुनाथ ठाकुरको मातृ जिल्ला सुनसरी-मोरंग बेगर कसरी मधेश प्रदेश हुन् सक्छ ?

मधेस आन्दोलनका मुख्य दुई केन्द्र दक्षिण मोरंग (बिराटनगर) र दक्षिण सुनसरी-इनरुवा) यहीँ पर्दछन् । मधेश प्रदेशका निम्ति मधेश आन्दोलन/शसस्त्र आन्दोलन, जनयुद्ध गरि २०० जना सम्म शहादत दिएका छन् । झापा-मोरङ-सुनसरी सहितको मधेश प्रदेश हुनुपर्छ भनेर संविधान निर्माण बहिस्कार, नाका केन्द्रित ६-६ महिना लामो आन्दोलन, निर्वाचन बहिष्कार र मेची-महाकाली सयौंको सहादत भएको छ । त्यस्तो संवेदनशील महत्त्वपूर्ण झापा-मोरङ्ग-सुनसरी रहेको प्रदेश १ को नामांकन गर्दा 'मधेश' शब्द नै नअटाइ कसरि न्याय होला ! प्रदेश २ मा पहिचान पायौ अब यहारहेका मधेशीहरु आफनो पहिचान परिवर्तन गर भन्नुको को अर्थ यहाका मधेशीहरु उपर उपनिवेश लाद्नु हो, गुलाम बनाउनु हो । पहिला केन्द्रका गुलाम थियौ, अब प्रदेशका बन भनेर भन्नु हो ।

उपरोक्त सबै विश्लेषण बाट प्रदेश न १ को नाम 'किराँत लिम्बुवान कोच मधेश' राख्नु नै उपयुक्त हुन्छ । यस क्षेत्रका पहिचानावादिहरु पछि संघियतामा सिमा एव संख्या परिवर्तन हुदा,पहिचान सहितको लिम्बुवान, किरात/खम्बुवान र कोच-मधेश गरि ३ वटा प्रदेशमा बिभक्तको सपना सजाएका छन् । १० +१ प्रदेश पक्षधर शक्ति यसैको पक्षमा वकालत गर्नु तर्कसंगत पनि देखिन्छ ।

प्रदेशसभामा सबै भन्दा धेरै मधेशी, आदिवाशी जनजातिको बाहुल्यता छ त्यसैले सबैभन्दा ठूलो दल एमाले प्रदेशको नाम कोशी राख्ने पक्षमा देखिए पनि पार्टीभित्रैका पहिचानवादी सांसदहरू किराँत प्रदेश हुनुपर्ने पक्षमा देखिएका छन् । कांग्रेसका पनि केही सांसद पहिचानको पक्षमा छन् । जसपा पहिचानलाई जोडेर जानुपर्नेमा सकारात्मक छदै छ । यस बखत प्रदेश २ झैं संसदमा ह्विप नलाग्ने व्यबस्था हुने हो भने यो प्रदेशले पहिचान सहितको नाम पाउन सक्थ्यो ।


# हार्दिक बधाई तथा शुभकामना



डा.वीरेन्द्र प्रसाद महतो

समाजसेवी एवं वित्तीय क्षेत्रका सफल व्यवसायी **डा. श्री वीरेन्द्र प्रसाद महतोज्यू** रुसी महासंघका लागि अवैतनिक वाणिज्यदूत जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दछु ।

डा.राजेश अहिराज

निवर्तमान प्रदेश प्रमुख

# डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- वन जंगलमा धुम्रपान नगरौं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड



# मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति ९:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं